का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ माघ २०७९,
आइतबार
12 February 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक १८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




## फेरि उठ्ने प्रयास

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ माघ ।

शनिबार काठमाडौंमा सम्पन्न प्रथम महाधिवेशनबाट विवेकशील साझा पार्टीले मूल नेतृत्व सर्वसहमतिबाट चयन गरेको छ । समीक्षा बाँस्कोटालाई सर्वसम्मत नेतृत्व चयन गरेको हो । नेतृत्वका निम्ति बाँस्कोटासँगै मिलन पाण्डे र प्रकाशचन्द्र परियारले दावी गरेका थिए । तर पाण्डे र परियार उपाध्यक्षमा बसेर बाँस्कोटाको नेतृत्व स्वीकारेका छन् ।

महाधिवेशनबाट महिला नेतृत्व स्थापित गर्ने सम्भवतः विवेकशील साझा पहिलो पार्टी हो । केही नेता लिएर रवीन्द्र मिश्र राष्ट्रिय प्रजातन्त्र पार्टी प्रवेश गरेपछि बाँस्कोटाले कार्यबाहक नेतृत्व लिएकी थिइन् । मिश्र नेतृत्वमा हुँदा विभाजित अर्को समूहको नेतृत्व पाण्डेले गरेका थिए । तर एकीकृत महाधिवेशनपछि बाँस्कोटाले नै नेतृत्व लिएकी छन् ।

महाधिवेशनबाट पाण्डे र परियारसँगै बिमला अधिकारी पनि उपाध्यक्ष चयन भएकी छन् । महासचिवमा रञ्जु दर्शना सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक केशव दाहालले जानकारी दिए । ०७४ को स्थानीय चुनावमा दर्शना काठमाडौं महानगरको मेयर पदको उम्मेद्वार बनेकी थिइन् । त्यसबेला दर्शना विवेकशील पार्टीका उम्मेद्वार थिए ।

दर्शनाले तेस्रो धेरै मत ल्याएपछि राष्ट्रिय राजनीतिको चर्चामा आएकी थिइन् । तर पत्रकारिता छोडेर साझा पार्टी खोलेका रवीन्द्र मिश्रसँग विवेकशील पार्टीको एकता भयो । यो एकता धेरै टिकेन । निरन्तर विवादमा फसेको उक्त पार्टी विभाजन हुँदा २०७९ को चुनावमा एकताबद्ध भएर सहभागी हुन समेत सकेको थिएन । तर चुनाव लगत्तै छिन्नभिन्न अवस्थामा रहेका नेताहरु जुटेर प्रथम महाधिवेशन गरेको छ । यो महाधिवेशनले अध्यक्ष र महासचिव दुवै पदमा महिला नेतृत्व चयन गरेको छ । सचिवमा पवित्रा थापा, बिमल तामाङ र समुन्द्र केसीलाई चयन गरेको छ । कोषाध्यक्षमा दामोदर नेपाल सर्वसम्मत भएका छन् ।





> वैकल्पिक शक्ति बन्ने उद्देश्य बोकेर गठित साझा विवेकशील पार्टीले नयाँ नेतृत्व चयन गर्दै फेरि उठ्ने प्रयास गरेको छ । शनिबार सम्पन्न प्रथम महाधिवेशनबाट अध्यक्षमा समीक्षा बाँस्कोटा र महासचिवमा रञ्जु दर्शनालाई चयन गरेको छ ।

समावेशी सिद्धान्त अनुसार, ५१ सदस्यीय केन्द्रीय कमिटी चयन हुने भएको छ । नेताहरुले नेतृत्व चयनसँगै यो पार्टी फेरि वैकल्पिक शक्ति बनेर उठ्ने दावी गरेका छन् । समाजका विभिन्न क्षेत्रमा क्रियाशील नेताहरु समेटेर बनेको यो पार्टीलाई फेरि एकताबद्ध बनाउने प्रयास भने जनमत तान्ने प्रयत्नकै रुपमा बुझ्न सकिन्छ । किनकि गत आमचुनावबाट नयाँ शक्तिहरुले अप्रत्यासित मत पाएका छन् । पार्टी गठनको ५ महिनाभित्रै रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ मतदाताको रोजाइमा परेको थियो । राप्रपा, जनमत पार्टी र नागरिक उन्मुक्तिका उम्मेद्वारहरुले समेत दुई ठूला गठबन्धनलाई पराजित गर्दै जितेका थिए ।

### माओवादी केन्द्र

## नाम फेरेर नयाँ !

> एकात्मक शासन व्यवस्था फेर्न सशस्त्र युद्ध गरेर आएको माओवादी केन्द्रले प्रमुख लक्ष्य अनुसार मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा लग्यो । तर, विगतको विरासतलाई लिएर उठ्ने अन्तर्राष्ट्रिय प्रश्न र आन्तरिक घाउको सामना गर्न माओवादीले आफ्नो स्वरुपलाई फेरि नयाँ बनाउन खोजेको छ, पार्टीकै नाम र चुनाव चिन्ह फेरेर ।



> पार्टीको नाम र चुनाव चिन्ह फेर्ने विषय धेरै पहिलादेखि बहसमा आएको हो । यसपटक तल्ला कमिटीसम्म बहस हुन्छ । दुई महिनापछि बस्ने केन्द्रीय कमिटीको बैठकमा थप छलफल हुन्छ र केन्द्रीय कमिटीले जरुरी ठानेमा निर्णय गर्नसक्छ ।
>
> ■ **डोरप्रसाद उपाध्याय**
> **कार्यालय सचिव**
> **माओवादी केन्द्र**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ माघ ।

नेकपा माओवादी केन्द्र संघीय सरकारको नेतृत्व गरिरहेको छ। सरकारको नेतृत्वमा रहेर जनतामा आफ्नो छवि उठाउने प्रयासमा रहेको माओवादी केन्द्रभित्र स्वयम् माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पार्टीको नाम र चुनाव चिह्न नै फेर्ने प्रस्ताव गरेका छन्। जसलाई स्थायी कमिटीले पास गरेको छ। नेताहरुका अनुसार अब नाम र चुनाव चिन्ह फेर्ने प्रस्ताव माओवादी केन्द्रको केन्द्रीय कमिटीमा छलफल हुनेछ ।

माओवादी केन्द्रको गत माघ १२ देखि २१ गतेसम्म चलेको स्थायी कमिटी बैठकमा अध्यक्ष प्रचण्डले पार्टीको नाम र चुनाव चिन्ह फेर्न प्रस्ताव गरेका थिए । जहाँ प्रचण्डले आफ्नो प्रतिवेदनमा भनेका छन्, 'संरचनागत विधि र पद्धति नाम र चिन्ह लगायतका विषयलाई आमूल परिवर्तन गर्दै आजको जन-मनोविज्ञान, भू-राजनीतिक व्यवस्था एवम् प्रतिस्पर्धालाई समेत ध्यानमा राखी सुदृढ र व्यवस्थित कम्युनिष्ट पार्टी निर्माणमा लाग्नुपर्छ ।'

माओवादी केन्द्रका कार्यालय सचिव डोरप्रसाद उपाध्यायका अनुसार दुई महिने संगठन निर्माण अभियानका क्रममा समेत पार्टीको नाम र चुनाव चिह्न फेर्ने विषयमा छलफल चलाइनेछ ।

उपाध्याय भन्छन्, 'पार्टीको नाम र चुनाव चिन्ह फेर्ने विषय धेरै पहिलादेखि बहसमा आएको हो। यसपटक तल्ला कमिटीसम्म बहस हुन्छ। दुई महिनापछि बस्ने केन्द्रीय कमिटीको बैठकमा यसबारे थप छलफल हुन्छ । त्यही बैठकले जरूरी ठानेमा निर्णय गर्नसक्छ ।'

माओवादी केन्द्रले गत ४ मंसिरको निर्वाचनअघि अरू दलहरूलाई मिलाएर समाजवादी केन्द्र बनाउने प्रयास गरेको थियो। त्यसका लागि नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीसँग छलफल समेत गरेको थियो ।

– बाँकी पृष्ठ २ मा

## मन जित्न दौडधुप


*टीकापुरस्थित रेशम चौधरीको घरमा मुख्यमन्त्री शाह ।*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ माघ ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह शनिबार रेशम चौधरीको घरमै पुगेका छन् । उनले कैलालीको टीकापुरस्थित चौधरीको घरमै पुगेर नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठसँग कुराकानी गरेका छन् ।

> प्रदेशसभाको ठूलो दलका नेताको हैसियतमा मुख्यमन्त्री नियुक्त कमलबहादुर शाहले विश्वासको मत पाउन कठिन छ ।

शाह सबैभन्दा ठूलो दलको नेताका हैसियतमा मुख्यमन्त्री नियुक्त भएका छन् । सत्ता गठबन्धनबाट २७ पुसमा मुख्यमन्त्री नियुक्त एमाले नेता राजेन्द्र रावलले विश्वासको मत नपाएपछि शाहलाई प्रदेश प्रमुख

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## संघमा जिम्मेवारी बाँडफाँड

### महासचिव भुर्तेल बने प्रवक्ता र बोर्ड सदस्यमा कोषाध्यक्ष घले

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कार्यसमितिको पूर्णतासँगै पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी बाँडफाँड गरेको छ । अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा शुक्रबार बसेको संघ कार्यसमिति बैठकले पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी बाँडफाँड गरेको हो ।

संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्रीको संयोजकत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय समिति गठन गरिएको छ । उक्त समितिको सदस्यमा बैकुण्ठ प्रसाद पौडेल, तोरण कुमार कार्की र अनिलकुमार राई रहेका छन् । पौडेलले साउदी अरेबिया, कार्कीले कतार र राईले मलेसियाको रोजगार समन्वय र समस्याको समाधानको जिम्मेवारी पाएका छन् ।

त्यसैगरी उक्त समितिमा कुवेत हेर्नेगरी कार्यसमिति सदस्यहरू चन्द्र बहादुर लिम्बू, युरोप हेर्नेगरी सोमबहादुर लामा, यूएई हेर्ने गरी नारायण भुसाल, जापान हेर्ने गरी देवेन्द्र नारायण श्रेष्ठ र जोर्डन हेर्ने गरी देउमान नेम्बाङले जिम्मेवारी पाएका छन् ।

द्वितीय उपाध्यक्ष सञ्जु गुरुङको संयोजकत्वमा वैदेशिक रोजगार कार्यालय ताहचल र पुलिस ब्यूरो हेर्ने गरी अर्को समिति गठन भएको छ । उक्त समितिको सदस्यमा बैकुण्ठप्रसाद पौडेल, चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, राजेन्द्र बस्नेत र आनन्द कोइराला रहेका छन् । पुलिस ब्यूरोको जिम्मेवारी कार्यसमिति सदस्यहरू बैकुण्ठप्रसाद पौडेल, चन्द्रबहादुर लिम्बू र सूर्यकुमार श्रेष्ठलाई दिइएको छ ।

तृतीय उपाध्यक्ष रोशन कटुवालको संयोजकत्वमा अतिरिक्त क्रियाकलाप समिति गठन गरिएको छ । उक्त समितिको सदस्यहरूमा तोरण कार्की, देवेन्द्र नारायण श्रेष्ठ, देवीमाया थापा, विक्रम श्रेष्ठ तोकिएका छन् ।

संघका सचिव कर्णराज कटुवालको संयोजकत्वमा वैदेशिक रोजगार विभाग बुद्धनगर समन्वय समिति गठन गरिएको छ । समितिको सदस्यमा राजेन्द्र बस्नेत, सोमबहादुर लामा, कैलाश पाठक, देवनारायण श्रेष्ठ, चन्द्रबहादुर लिम्बू, आनन्द कोइराला, देवीमाया थापा र नारायण भुसाल रहेका छन् ।

वैदेशिक रोजगार बोर्डको सदस्यमा महिला प्रतिनिधिको

– बाँकी पृष्ठ २ मा

### अध्यक्ष भण्डारीद्वारा ४ सदस्य मनोनयन


*(संघमा मनोनित सदस्यहरु क्रमशः सोमबहादुर लामा, देवेन्द्रनारायण श्रेष्ठ, अनिलकुमार राई र सूर्यकुमार श्रेष्ठ)*

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले कार्यसमितिमा ४ जना व्यवसायीलाई मनोनयन गरेका छन् । अध्यक्ष भण्डारीले संघ विधानको दफा १७ (१)

– बाँकी पृष्ठ २ मा

## भ्रष्टाचारको जड
## राज्य कोषको दुरुपयोग

> सरकारी कोषबाट नियमित अनुदान लिई कागजी रुपमा मात्र सञ्चालन भएको देखाउने, तर कार्यस्थलमा अस्तित्वसम्म पनि नभेटिने विषयको छानबिन र कारबाहीलाई अझै प्रभावकारी बनाउन आवश्यक रहेको प्रमुख आयुक्त प्रेमकुमार राईले जोड दिएका छन् ।

**अस्मिता बम/ मध्यान्ह**
काठमाडौं, २८ माघ ।

नेपालमा भ्रष्टाचारको सञ्जाल दिनानुदिन विस्तार हुनुको साथै यसले संस्थागत रुप लिदै गएको छ । विकासका पूर्वाधारहरुको निर्माणमा वर्षेनी एकातिर ठूलो रकम खर्च हुने गरेको छ भने अर्कोतिर आवश्यक गुणस्तर एवम् यिनीहरुको दिगो व्यवस्थापन गर्न नसक्दा श्रोतको दुरुपयोग समेत बढेको छ। विभिन्न क्षेत्र र निकायमा व्याप्त भ्रष्टाचारको कारण आम जनताले सुशासनको अनुभूति समेत गर्न नपाएकोप्रति सरोकारवालाहरुले चिन्ता र चासो व्यक्त गरेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले प्राकृतिक स्रोत उत्खनन् र राज्यकोषको दोहन पछिल्लो समय बढेको भन्दै चिन्ता व्यक्त गरेका छन् । 'प्राकृतिक स्रोत, खासगरी ढुंगा, गिट्टी, बालुवाको अनुचित उत्खनन् तथा दोहन गर्ने कार्यलाई नियन्त्रण गर्न जरुरी छ' उनी भन्छन् । सरकारी कोषको दोहन गरेर भ्रष्टाचार गर्ने प्रवृत्ति व्याप्त रहेको पनि उनी औंल्याउँछन् । त्यसैले राज्य कोषबाट नियमित अनुदान लिई कागजी रुपमा मात्र सञ्चालन भएको देखाउने तर कार्यस्थलमा अस्तित्वसम्म पनि नभेटिने विषयको छानबिन

– बाँकी पृष्ठ २ मा



> आवश्यकताको अध्ययन नगरी, पूर्वतयारी विना पूर्वाधार निर्माण र यन्त्र उपकरण खरिद गर्दा राज्यकोषको दुरुपयोग र दोहन बढेको छ ।
>
> **प्रेमकुमार राई**
> **प्रमुख आयुक्त**
> **अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

# मुसिकोटमा पशु बीमा कार्यक्रम सञ्चालन

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २८ माघ




रुकुम पश्चिमको मुसिकोट नगरपालिकामा लक्षित वर्ग विशेष पशु बीमा कार्यक्रम सञ्चालनमा आएको छ । नगरपालिकाका १४ वटै वडाका पशुपालन गर्ने दलित, जनजाति, एकल महिला, अपांगता भएका र द्वन्द्वपीडितले पाल्दै आएका गाईभैंसी र भेडाबाख्राको नगरपालिकाले निःशुल्क रुपमा पशु बीमा गरिदिने बताएको छ ।

मुसिकोट नगरपालिका पशु सेवा शाखा रुकुम पश्चिमको आ.व २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम र मुसिकोट नगरपालिका कृषि विकास समितिको गत पुस २५ गतेको निर्णय अनुसार नगरपालिकाको पशु बीमा प्रवर्द्धन, प्रोत्साहन, व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६ (संशोधन) र बीमा बोर्डको निर्देशिका बमोजिम पशु बीमा प्रवर्द्धन गर्न प्रति पशु बीमाको लागि कृषकले तिर्नुपर्ने २० प्रतिशत बीमाङ्क रकम मुसिकोट नरपालिकाले व्यहोर्ने पशु सेवा शाखा मुसिकोट नगरपालिकाका कार्यालय प्रमुख सरस्वती सापकोटा खड्काले जानकारी दिइन् ।

लक्षित वर्गका कृषकहरुले आफूले पालन गरेका पशु विवरण खुल्ने गरी आवदेन पत्र, नेपाली नागरिकताको प्रतिलिपि र लक्षित वर्ग पहिचान हुने कागजातसहित २०७९ चैत्र मसान्तसम्म पशु सेवा शाखा मुसिकोट नगरपालिका अथवा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिने कार्यालय प्रमुख सापकोटाको भनाइ छ ।

# स्थानीय सरकारको बजेट तथा योजनाबारे अनुशिक्षण

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २८ माघ



सर्लाहीको बसबरिया गाउँपालिकालाई स्थानीय सरकारको बजेट तथा योजनाबारे अनुशिक्षण गरिएको हो । पालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीलाई स्थानीय सरकारका नीति, बजेट, योजना, बजेट तथा लैगिंक उत्तरदायी सुशासन सम्बन्धमा अनुशिक्षण गरिएको हो । बसबरिया गाउँपालिका अध्यक्ष राम सिंहासन यादवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई प्रशिक्षक पंकज कर्ण र बरहथवा नगरपालिकाका सूचना अधिकारी रुपेश कर्णले सहजीकरण गरेका थिए । साउथ एशिया पार्टनशिप नेपालको आयोजना तथा बसबरिया गाउँपालिकाको सहकार्यमा अनुशिक्षण कार्यक्रमको आयोजना गरिएको साप नेपालकी फिल्ड सुपरभाइजर रिना विष्टले बताइन् । अनुशिक्षणमा स्थानीय सरकारको नीति, कार्यक्रम, बजेट, योजना र स्थानीय तहमा बजेट निर्माण प्रक्रियाको चरणहरुको विषयमा छलफल गरिएको हो । प्रशिक्षणमा लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यान्वयमा लक्षित समुदायको पहुँच पुर्‍याउन सरकारी निकायको भुमिका र सामाजिक जावाफदेहिताको विषयमा पनि प्रशिक्षण दिइएको छ ।

कार्यक्रममा मन्तव्य राख्दै बसबरिया गाउँपालिका अध्यक्ष राम सिंहासन यादवले साप नेपालले स्थानीय सरकारको क्षमता अभिवृद्धिमुलक कार्यक्रम आयोजना गरेर नजानेका धेरै कुराहरू सिक्ने अवसर प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि आफ्नो पालिकाको सहकार्यमा यस्ता कार्यक्रम संचालन गर्न अनुरोध गरे । कार्यक्रममा बसबरिया गाउँपालिकाका कार्यपालिका कार्यसमितिका पदाधिकारी, वडाअध्यक्ष, दलित महिला वडा सदस्य लगायत कर्मचारीको पनि सहभागीता रहेको थियो ।

# खोटाङ हलेसी सेवा समाजको अध्यक्षमा थापा

**काठमाडौं/मस-** खोटाङ हलेसी सेवा समाजको अध्यक्षमा ईन्दा थापा निर्वाचित भएकी छिन् । शनिबार काठमाडौंमा सम्पन्न सातौं साधारण सभाले थापाको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिको प्रथम उपाध्यक्षमा विजय घिमिरे, द्वितीय उपाध्यक्षमा अर्जुन गैर 'पिप्ली', महासचिवमा सुरेन्द्र कटुवाल, सचिवमा परशु कटुवाल, कोषाध्यक्षमा कृष्ण लुइँटेल र सह-कोषाध्यक्षमा सुब्बा कटुवाल निर्वाचित भएका छन् भने कार्यसमितिका सदस्यहरूमा अमृत कटुवाल, मीन कार्की, चन्द्रमणि घिमिरे, कुमारबाबु बस्नेत, प्रेम केसी र लक्ष्मी बस्नेत छन् । साधारण सभामा खोटाङ जिल्लाबाट प्रतिनिधि सभा तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदहरुका अतिरिक्त नगर तथा खोटाङ जिल्लाका सबै पालिकाका प्रमुखहरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

खोटाङबाट प्रतिनिधि सभा सदस्य सरस्वती बजिमय, खोटाङ हलेसी सेवा समाज रहेको काठमाडौं क्षेत्र नम्बर २ की प्रतिनिधि सभा सदस्य सोविता गौतम, खोटाङ जिल्लाबाट आइ काठमाडौं क्षेत्र नम्बर ७ बाट प्रतिनिधि सभामा निर्वाचित गणेश पराजुली, ऐसेलुखर्क गाउँपालिकाका अध्यक्ष गीरेन्द्र बहादुर राई, दिप्रङ चुइचुम्मा गाउँपालिकाका अध्यक्ष लोकेन्द्र राईलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो । कार्यक्रममा न्यायाधीश परशु भट्टराई, प्रमुख जिल्ला अधिकारी कृष्ण कटुवाल, कागेश्वरी मनोहरा नगरपालिकाकी उपमेयर शान्ता थापा, अधिवक्ता देवराज कटुवाल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्णराज कटुवाललगायत करिब २ सय जनाको सहभागिता रहेको थियो । गणेश बस्नेतको सभापतित्व रहेको कार्यक्रमको सञ्चालन अर्जुन गैर पिप्लीले गरेका थिए ।

खोटाङ जिल्लाबाट काठमाडौं आएर बसोबास गरिरहेका खोटाङेहरुको सामाजिक संस्थाको रूपमा उक्त संस्था क्रियाशील रहेको छ ।

## माओवादी...

माओवादीको उक्त प्रयास सफल भएको थिएन । त्यो बेलामा पनि माओवादीका केही नेताले पार्टीको नाम र चुनाव चिन्ह फेर्नुपर्ने प्रस्ताव गरेका थिए ।

एकात्मक शासन व्यवस्था फेर्न २०५२ सालदेखि १० वर्षसम्म सशस्त्र युद्ध गरेर आएको माओवादी केन्द्रले प्रमुख लक्ष्यअनुसार मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा लग्यो । तर, विगतको विरासतलाई लिएर उठ्ने अर्न्तराष्ट्रिय प्रश्न र आन्तरिक घाउको सामना गर्न माओवादीले आफ्नो स्वरुपलाई फेरि नयाँ बनाउन खोजेको छ पार्टीकै नाम चुनाव चिन्ह फेरेर ।

शान्ति प्रक्रियामा आएपछि ०६४ सालमा माओवादी मुलुकको सबैभन्दा ठूलो शक्तिको रुपमा उदायो । तर, माओवादीको सत्तारोहणसँगै पार्टीका विभाजन शुरु भयो । मोहन बैद्य नेतृत्वमा सबैभन्दा पहिले माओवादी केन्द्र फुटेको थियो । बैद्य नेतृत्वको पार्टी फुटेर नेत्र विक्रम चन्द विप्लव नेतृत्वमा अर्को पार्टी बन्यो । प्रचण्डसँगै रहेका अन्य नेताहरुले पनि नयाँ नयाँ पार्टी बनाए । फुटेका माओवादीहरुसँग मिलेर एकता अभियान पनि प्रचण्डले चलाए । यस क्रममा माओवादीले अनेक नाम राखेका छन् तर, माओवादी भन्ने चाहिँ छुटाएका छैनन् ।

माओवादीबाट २०७२ सालमा छुट्टिएका बाबुराम भट्टराईको नेतृत्वमा रहेको नेपाल समाजवादी पार्टीले मंसिरमा भएको निर्वाचनमा माओवादीकै चुनाव चिन्ह लिएर चुनाव लड्यो । तर, नेपाल समाजवादीले माओवादीसँगको एकताको लागि पार्टीको नाम फेर्नुपर्ने अडान राख्दै आएको छ । यसकारण यसपटक माओवादी शब्द नै नराख्ने गरी नाम फेर्ने प्रस्तावमाथिको छलफलमा माओवादी जुटेको छ । संसदीय राजनीतिमा आएपछि पटक पटक नाम फेरेको भए पनि अब माओवादी भन्दा भिन्दै राजनीतिक स्कुलिङबाट आएकाहरुलाई समेत जोड्ने प्रयासमा माओवादी शब्द नै नराखेर पार्टीको नाम र चुनाव चिन्ह फेर्नु पर्ने हो कि भन्नेमा माओवादी पुगेको हो । माओवादीसँग एकीकृत समाजवादी लगायतसँग पनि एकताको विषय चलिरहेको छ ।

## मन...

देवराज जोशीले मुख्यमन्त्री नियुक्त गरेका हुन् । रावलले विश्वासको मत नपाउनुमा भने नागरिक उन्मुक्ति पार्टी अनिर्णयमा बस्नु हो ।

मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखको कार्यालयमा हस्ताक्षर बुझाएका नागरिक उन्मुक्तिका सात सांसदले विश्वासको मत दिएका थिएनन् । नागरिक उन्मुक्तिले विश्वासको मत नदिदा प्रदेशसभामै सत्ता गठबन्धनमा अल्पमतमा परेको थियो । रावलको पक्षमा एमालेका १०, माओवादीका १० र राप्रपाका १ सांसद मात्रै भए । माओवादीका भीम भण्डारी सभामुख भएकाले एक मत घटेको थियो ।

विपक्षमा कांग्रेसका १९, नेकपा एकीकृत समाजवादीका चार र एक स्वतन्त्र सांसद थिए । अतः रावलले विश्वासको मत माग गर्दै पेश गरेको प्रस्ताव नै प्रदेशसभा हलबाट अस्वीकृत भयो । लगत्तै सबैभन्दा ठूलो दलको हैसियतमा शाह मुख्यमन्त्री नियुक्त भएका छन् । तर अहिलेकै सत्ता समीकरण कायम रहने अनि नागरिक उन्मुक्तिले निर्णय नबदल्ने हो भने शाहले पनि विश्वासको मत नपाउने निश्चित छ ।

त्यसैले नागरिक उन्मुक्ति पार्टीको नेतृत्व फकाउन उनी टीकापुरस्थित चौधरीको घरमै पुगेका छन् । यद्यपि विश्वासको मत पाउनेमा निश्चित हुन सकेको छैन । नागरिक उन्मुक्तिले टीकापुर घटना आरोपमा जेल जीवन बताइरहेका रेशम सहित नेताहरुको रिहाइलाई मुख्य माग बनाएको छ ।

## संघमा...

रुपमा कोषाध्यक्ष सरिता घलेलाई पठाउन सिफारिस गरेको छ । संघको प्रवक्तामा महासचिव मेघनाथ भुर्तेल तोकिएका छन् । बोर्ड सदस्यमा सिफारिस संघको प्रतिनिधिलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले बोर्ड सदस्यमा नियुक्त गर्ने छन् । संघका अध्यक्ष पनि बोर्डको सदस्य हुने व्यवस्था छ ।

महासचिव एवम् प्रवक्ता भुर्तेलले नयाँ कार्यसमिति आएपछि पटके विज्ञापनको झन्झटिलो व्यवस्था हटाएको, भवन खोजेर संघको कार्यालय स्थानान्तरण गरेको भन्दै निर्वाचनको क्रममा व्यवसायीका बीचमा गरेका सुधारका प्रतिबद्धता अनुसार परिणाम ल्याउने गरी काम गर्न निर्वाचित पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी बाँडफाँड गरिएको बताए ।

## अध्यक्ष...

अनुसार उनीहरूलाई कार्यसमितिमा मनोनयन गरेका हुन् ।

कार्यसमितिमा मनोनयन हुने व्यवसायीहरूमा सल्मा एच आर ओभरसिज प्रा.लि.का सञ्चालक सोमबहादुर लामा, पाशा ईन्टरनेशनल प्रा.लि.का सञ्चालक देवेन्द्र नारायण श्रेष्ठ, मोभिरा एच आर सर्भिस प्रा.लि.का सञ्चालक अनिलकुमार राई र अजित म्यानेजमेन्ट डेभलपमेन्ट कम्पनी प्रा.लि.का सञ्चालक सूर्यकुमार श्रेष्ठ छन् । लामा र राई प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध, पाशाका सञ्चालक श्रेष्ठ वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका महासचिव र अजितका श्रेष्ठ हालै गठित नेपाल प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघमा आवद्ध व्यवसायी हुन् । मनोनित सदस्य मनोनयनहरूलाई अध्यक्ष भण्डारीले शुक्रबार नै पद तथा गोपनीयताको शपथ गराएका छन् ।

## भ्रष्टाचारको...

र कारबाहीलाई अझै प्रभावकारी बनाउन आवश्यक रहेको पनि प्रमुख आयुक्त राईले जोड दिएका छन् ।

राज्य अन्तर्गतका सबै निकायहरुले कानुनतः प्राप्त अधिकार र दायित्वलाई जिम्मेवारी र दृढतापूर्वक निर्वाह गरेमा भ्रष्टाचार स्वतः घट्न सक्ने उनको ठम्याइ छ । त्यसैले नागरिकलाई सुशासनको अनुभूति दिलाउन राज्यका नियामक निकायहरु समेत क्रियाशील रहनुपर्ने कुरामा प्रमुख आयुक्त राईको जोड छ । भ्रष्टाचार नियन्त्रणको लागि आयोगको एकल उपस्थिति, सक्रियता र भूमिकाले मात्र सम्भव नहुने भएकोले सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत र सर्वसाधरण नागरिकको समेत सक्रिय भूमिका र सहकार्य आवश्यक रहेको उनी औंल्याउछन् ।

शनिवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवसको मूल समारोह कार्यक्रममा पनि प्रमुख आयुक्त राईले भ्रष्टाचारको अन्त्य गर्न राज्यकोषको अनुचित दोहन र अनियमितता रोकिनुपर्ने दोहाऱ्याए । उनले राज्य कोषको दुरुयोग रोक्न आफूहरु सचेत र सक्रिय भएको पनि बताए ।

प्रमुख आयुक्त राईले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धीको नेपाल पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा यसबाट सृजित दायित्व निर्वाह गर्न विद्यमान कानुनी संरचनामा समयानुकूल सुधार र परिमार्जनको खाँचो रहेको पनि औंल्याए । भर्खरै प्रकाशित ट्रान्सप्यारेन्सी इन्टरनेशनल नेपालको सन् २०२२ को प्रतिवेदन अनुसार नेपालले भ्रष्टाचार अनुभूति सूचाङ्कमा कुल ३४ अंक प्राप्त गरी ११० औं स्थानमा रहँदा विगतको तुलनामा केही सुधार देखिएतापनि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका सन्दर्भमा नेपाल अझै जोखिमपूर्ण स्थानमानै रहेको हुँदा सबै सरोकार निकाय, व्यक्ति र पक्ष जिम्मेवार भई अगाडि बढ्न आवश्यक रहेको उनले बताए ।

प्रमुख आयुक्त राईले भ्रष्टाचारको सञ्जाल दिनानुदिन विस्तार हुनुको साथै यसले संस्थागत रुप लिदै गएको र विकासका पूर्वाधारहरुको निर्माणमा बर्षेनी ठूलो रकम खर्च भए पनि आवश्यक गुणस्तर एवम् यिनीहरुको दिगो व्यवस्थापन गर्न नसक्दा श्रोतको दुरुपयोग बढेको बताए । सरकारी निकायले हतारमा पूर्वाधार निर्माण गर्ने, विभिन्न यन्त्र उपकरण खरिद गर्ने, तर उपयोगमा नल्याउने कार्य गर्दा केही बर्षमै ती संरचना खण्डहरमा परिणत हुने र उपकरण काम नलाग्ने अवस्थामा पुगेको पाइएको पनि राईले बताए ।

'आवश्यकताको अध्ययन नगरी, पूर्वतयारी विना पूर्वाधार निर्माण र यन्त्र उपकरण खरिद गर्दा राज्यकोषको दुरुपयोग र दोहन बढेको छ' उनले भने, 'तसर्थ, यस प्रकारका काम माथि आयोगले सुक्ष्म निगरानी र अनुसन्धान गरिरहेको हुँदा त्यस्ता कार्यमा संलग्न पदाधिकारीलाई समेत अनुसन्धानको दायरामा ल्याइनेछ ।'

अहिले विश्वमा बढिरहेको सूचना सञ्जालीकरण र आधुनिक प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरुप, तौर-तरिका र आयाममा परिवर्तन हुँदै गईरहेको छ । कार्यक्रममा आयोगका आयुक्त किशोरकुमार सिलवालले सीमाहीन अपराधको रुपमा विस्तार हुँदै गएको भ्रष्टाचार कुनै अमुक संस्था र राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रिय चासो र चुनौतीको विषय बन्न पुगेको बताए । यसको नियन्त्रणमा सबैको साझा प्रतिवद्धता आवश्यक रहेको उनले औंल्याए ।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको विकास, नागरिक हित र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक रहेकोमा जोड दिएका छन् । यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वतन्त्र, निष्पक्ष र निर्भीकताका साथ अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ । उनले भ्रष्टाचारविरुद्ध सरकार हदैसम्म निर्मम हुने बताउदै आयोगलाई जिम्मेवारी निर्वाह गर्ने सवालमा सरकारले हर प्रकारको सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रुपान्तरण गर्न तीनै तहका सरकार, नागरिक समाज, सञ्चार जगत एवम् आमनागरिक सबैसँग समन्वय, सहयोग र सहकार्य आवश्यक हुने बताए ।

Government of Nepal
**Kanakasundari Rural Municipality**
Birat, Jumla
Karnali Province, Nepal

## Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation for the Procurement of Supply and Delivery of Fabrication and Steel Parts of Phutasile Steel Bridge**
**Sealed Quotation No: SQ/KSRM/GOODS/05/079/80**
***Date of publication: 12-02-2023***

1. **The Kanakasundari Rural Municipality, Jumla** invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Fabrication and Steel Parts of **Phutasile Steel Bridge.**
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of **Jumla Kanakasundari, 9858320133, pudbcjumla@gmail.com.** or (may visit **PPMO** website **www.bolpatra.gov.np**)
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office **Kanakasundari Rural Municipality, Jumla, Kanaka sundari** and the office **Kanaka sundari Rural Municipality, Jumla,** Kanaka sundari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 27-02-2023 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank : **Kumari Bank Ltd.**
   ii. Name of Office : **Kanakasundari Rural Municipality, Jumla**
   iii. Office Code no : **801066202**
   iv. Office Account No : **0870035749600007**
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office **Kanakasundari Rural Municipality, Jumla**, Kanaka sundari by hand or through e-GP system i.e **www.bopatra.gov.np/egp** on or before 27-02-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-02-2023 13:00 at the office of **Kanakasundari Rural Municipality Jumla, Karnali Province, Nepal.**
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 40000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.**[0870035749600007]** at **[Kumari Bank Ltd.**, **Kanakasundari Rural Municipality, Birat, Jumla]** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः- २०७९।१०।२९)**

यस कार्यालयबाट मिति २०७९।०९।१४ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धि सूचना तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गर्दा दर्ता हुन आएका बोलपत्रदाताहरू मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सार्भूत रूपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (प्रोभिजनल सम र भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | URL-Ayurvedic-Bldng-W-NCB-03-079/80 | Construction of Ayurvedic Building, Urlabari-8, Morang | Key Note Consult And Builders Private Limited, Damak, Jhapa. | 75,29,751.52 | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# गण्डकी प्रदेश समन्वय परिषद् कतारको अध्यक्षमा पौडेल निर्विरोध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २८ माघ



गण्डकी प्रदेश समन्वय परिषद् कतारको तेस्रो साधारण सभा सम्पन्न भएको छ । साधरण सभाको बन्द सत्रबाट सागर पौडेल (बागलुङ) अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा नन्दलाल विक (पर्वत), उपाध्यक्षमा हेमबहादुर विक 'बिक्की' (कास्की), महासचिवमा कल्याण थापा (लमजुङ), सचिवमा अर्जुन सङ्ग्रौला (गोर्खा), कोषाध्यक्षमा रोशन अर्याल (स्याङ्जा) रहेका छन् ।

परिषद्को विधान अनुरूप कतारमा रहेका गण्डकी प्रदेश मातहतका जिल्ला संस्थाका अध्यक्षहरू स्वतः पदेन सदस्यहरू रहने व्यवस्था छ । कतारमा गण्डकी प्रदेश भित्रका जिल्लाहरू मध्य म्याग्दी प्रवासी नेपाली संघ (मोना), कास्की आदर्श सेवा समाज, पर्वत समाज, स्याङ्जा सहयोग समाज, बागलुङ सेवा समाज, गोर्खा सेवा समाज, तनहुँ सेवा समाज, लमजुङ सेवा समाज, नवलपुर सेवा समाज कतार रहेका छन् ।

शपथ ग्रहण पश्चात् बोल्दै नवनिर्वाचित अध्यक्ष पौडेलले सामाजिक मर्यादामा रहेर गण्डकी प्रदेश भित्रका सबै जिल्लाको अभिभावक संस्था बन्न सक्ने गरी सबैलाई समेटेर सामाजिक कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । दोहाको एक होटेलमा निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक हंसराज ढकालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

अध्यक्ष राकेश श्रेष्ठको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो । खुल्ला सत्रको अन्त्यमा बोल्दै प्रमुख अतिथि ढकालले प्रवासी नेपालीहरूको देश विकासमा ठुलो योगदान रहेको बताए । उनले देशको अर्थतन्त्रतर्फ इङ्गित गर्दै विश्वभर रहेका नेपालीले श्रीलङ्काबाट धेरै कुरा सिक्न र बुझ्न सकिने बताए । दूतावासले श्रमिक मुखी र राज्यको हितका लागि बृहत्तर कार्य गरिरहेको र छिट्टै नतिजा आउने उनको भनाइ थियो ।

सागर पौडेलको शुभकामना मन्तव्य रहेको कार्यक्रममा महासचिव सन्तोष रेग्मीले कार्य प्रगति विवरण र कोषाध्यक्ष कल्याण थापाले आयव्यय प्रस्तुत गरेका थिए । कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका पदाधिकारीहरूले उपस्थिति तथा शुभकामना मन्तव्य राखेका थिए । साधरण सभामार्फत् परिषद्ले सञ्चालन गरेका हरेक सामाजिक, परोपकारी र मानवीय कार्यमा सहयोग पुऱ्याउने व्यक्ति संस्था साथै सञ्चारकर्मीहरूलाई सम्मान गरिएको थियो । महासचिव रेग्मीले सहजीकरण गरेको साधारण सभाको खुल्ला सत्रको समापन गर्दै सभापति श्रेष्ठले आफ्नो कार्यकाल मात्र सकिएको तर जिम्मेवारी नसकिएकाले आगामी दिनमा पनि समाजसँग रहने प्रतिबद्धता व्यक्त गरे ।

**को हुन् नवनिर्वाचित अध्यक्ष पौडेल**

बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नम्बर १ कुस्मिशेरामा २०३६ सालमा जन्मिएका उनी सन् २००३ देखि वैदेशिक रोजगारका लागि कतारमा कार्यरत छन् । सन् २००५ मा बागलुङ सेवा समाज स्थापना गर्न उनले संस्थापक सचिवको भूमिकामा रहेर योगदान पुऱ्याएका थिए ।

कतारको समाजमा शालीन र कम बोल्ने स्वभाव भएको व्यक्तिको पहिचान बनाएका उनी बागलुङ सेवा समाजमा उपाध्यक्ष हुँदै एक कार्यकाल अध्यक्षको कार्यभार सम्हाल्दै अनुभव लिएका व्यक्ति हुन् ।

गण्डकी प्रदेश समन्वय परिषद् कतारको स्थापना गर्न पदेन सदस्यका रूपमा योगदान गरेका उनी दोस्रो साधरण सभाबाट वरिष्ठ उपाध्यक्षमा निर्विरोध निर्वाचित भएका थिए । आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्दै पौडेल तेस्रो साधरण सभाबाट अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् । संस्थागत रूपमा उनी नेपाल रक्तदाता संघ र मानव आश्रम समाजको पनि आजीवन सदस्य रहेका छन् ।

# उर्दू भाषालाई प्रोत्साहन गर्न मासिक गजल गोष्ठी

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २८ माघ



बाँकेको नेपालगन्जमा रहेका उर्दू साहित्यकारहरुको संगठन गुल्जार-ए- अदबले नियमित मासिक गजल गोष्ठी शनिबार सम्पन्न गरेका छन् । नेपालगन्ज उप-महानगरपालिका वडा नं. ८ मा रहेको महेन्द्र पुस्तकालको सभाहलमा गजल वाचन सम्पन्न भएको हो । गुल्जार-ए-अदब बाँकेद्वारा प्रत्येक महिनाको अन्तिम शनिबार उर्दू साहित्यकारद्वारा उर्दू भाषालाई प्रोत्साहनका लागि मासिक गजल गोष्ठी कार्यक्रम गर्दै आइरहेको छ । सो गजल गोष्ठीमा 'चश्म -ए-हैराँ में है माभी का तमाशा अब तक' मिश्ररामा उर्दू साहित्यकारहरुले गजल वाचन गरेका थिए ।

नेपालगन्जका वरिष्ठ उर्दू शायर तथा गुल्जार-ए-अदब बाँकेका अध्यक्ष हाजी अब्दुल लतीफ शौकको अध्यक्षतामा भएको कार्यक्रममा सैयद असफाक रसूल नेपाली, आदील सरवर नेपाली, सचिव मोहम्मद मुस्तफा अहशन कुरैशी र अव्दुल हयात रसीद लगायतका उर्दू साहित्यकारहरूले गजल वाचन गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासघं बाँकेका पूर्व सभापति शुक्रऋषी चौलागाई, पत्रकार बीपी अस्तु, महेन्द्र पुस्तकालका कार्यालय प्रमुख स्वामीदयाल गुप्ता, राम प्रसाद कुम्हार लगायतको सहभागिता रहेको थियो ।


## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

## शिलवन्दी बोलपत्रको आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१०/२९)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेख यस गाउँपालिका अन्तर्गत जुम्लाकाफल थुवा वडालेक कचाली सडक स्त्रउन्नती गर्नु पर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गर्दछ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | दरभाउपत्र जमानत | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| BRM/RCW/NCB/15/2079/80 | जुम्लाकाफल थुवा वडालेख कचाली सडक स्त्रउन्नती (Part 3), वडा नं. ५ | ६३६८२८१.९८ | १७००००.०० | ३०००.०० |

१. बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/११/३० गते | १२:०० बजे भित्र | २०७९/११/३० गते | २:०० बजे | भगवतीमाई गाउँपालिका दैलेख । GA:1.1 ANTARICK RAJASHWO KHATA | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई शाखा | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 DHAURITI KHATA | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई शाखा |

थप सूचनाको लागि मोवाईल नं. ९८५८०२०८९९ / ९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट **www.bhagawatimaimun.gov.np** वा खरिद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np/egp** मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# विकासको पर्खाइमा मदार मेलाको मुख्यस्थल

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २८ माघ



नेपालकै पहिलो र ऐतिहासिक मेलामध्येको मदार बाबा मेलाको मुख्य स्थल विकासको पर्खाइमा रहेको छ ।

मुस्लिम तथा हिन्दु समुदायको आस्थाको केन्द्र समेत मानिने मेला मुख्य मजार अर्थात् पूजा गर्ने ठाउँ निर्माण हुन सकेको छैन ।

नेपाल लगायत भारतबाट करिब १०/१२ लाख भन्दा बढी भक्तजनहरु आउने मेलामा हरेक वर्ष करिब २० देखि ३० लाख रुपैयाँसम्म दानको रुपमा संकलन हुँदा पनि अहिलेसम्म मुख्य मजार निर्माणाधिन अवस्थामा रहेको छ ।

निर्माणस्थल व्यवस्थित गर्नको लागि मेला समिति तथा सम्बन्धित निकायले कुनै चासो नदेखाएको स्थानीयहरु बताउँछन् ।

सुस्ता गाउँपालिका वडा नं. २ महलबारी बजारदेखि करिब ९ किलोमिटर डाँडामा अवस्थित रहेको हुँदा पैदल यात्रा गरी मुख्य स्थलसम्म पुग्ने गरिन्छ ।

विभिन्न धर्मावलम्बीहरुको संयुक्त सहभागिता रहने उक्त मेलामा दर्शन गर्न आउने भक्तजनहरुको हरेक मनोकामना पूरा हुने जनविश्वास रहेको छ । मदार बाबा मेला यहि माघ २५ गते देखि शुरु भएको छ भने उक्त मेला फागुन ५ गतेसम्म चल्ने मेला समितिले जनाएको छ ।

# गर्भवतीको हेलिकोप्टरमार्फत् उद्धार



**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, २८ माघ

जिल्ला अस्पताल कालीकोटबाट गर्भवतीको हेलिकोप्टरमार्फत् उद्धार गरिएको छ ।

तिलागुफा नगरपालिका वडा नम्बर ७ की ३४ वर्षीया नन्दा विष्ट रावतको अत्याधिक रक्तश्राप भएपछि हेलिकोप्टरमार्फत् उद्धार गरिएको हो ।

शुक्रबार दिउँसो साढे ३ बजेको समयमा नन्दालाई थप उपचारका लागि हेलिकोप्टरबाट कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको स्वास्थ्य सेवा कार्यालय कालीकोटले जनाएको छ ।

स्वास्थ्य सेवा कार्यालय कालीकोटका स्वास्थ्य व्यवस्थापक डा. रत्नवीर सुनारले विष्टको बच्चा भन्दा पाठेघरको मुखमा पहिला साल आएर बसेको र अध्याधिक रक्तश्राव भएपछि जिल्लामा उपचार सम्भव नभएकाले सुर्खेत पठाइएको बताए ।

उनलाई तत्काल अप्रेसनपछि बच्चालाई आईसीयूमा राख्नुपर्ने भएकाले उद्धार गरिएको अस्पतालले जनाएको छ ।

अहिले उनको कर्णाली प्रदेश अस्पताल सुर्खेतमा उपचार भइरहेको छ । रक्तश्राव रोकिएको र उनको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।


## डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि. को जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि.** (इजाजत पत्र नं.:१५५०/०७८/०६९) को नाममा प्रेम सुनम (सम्पर्क नम्बर:९८५७६२०२६६) गरेको व्यक्तिले आफुलाई यस डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि. को Public Relation Officer (PRO) बताउदै भिजिटिङ कार्ड मार्फत परिचय दिदै आइरहेको तर निज व्यक्तिसंग यस प्रा.लि.को कुनै पनि किसिमको सम्बन्ध नरहेको र साथै यस प्रा.लि. को कर्मचारी पनि नभएको जानकारी गराउन चाहन्छौं ।

DELIGHT
FOREIGN EMPLOYMENT
Gov. License No.: 1550/078/079

**डिलाइट फरेन इम्प्लोइमेन्ट प्रा.लि.**
+977-1-5916558, 5915734
info@delightforeign.com | www.delightforeign.com
Setoganesh Chowk, Eakatabasti-09,Budhanilkantha Kathmand, Nepal

## VACANCY
ANNOUNCEMENT

WE'RE HIRING

यस प्रतिस्ठित तथा ISO मान्यता प्राप्त म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

DOCUMENTATION - 2
RECEPTATIONIST - 2
PRO - 2

ATTRACTIVE SALARY

SEND YOUR CV @ anspasang8125@gmail.com
9851134522

- Minium 2 Years Work Experience In Related Field
- At Least + 2 Or Above Study With Good English

A.N.S. ASSOCIATES PVT. LTD.
ए.एन.एस.एशोशिएट्स प्रा. लि.
Boudha, Mahankal-06, Kathmandu, Nepal I Ph.: 01-5918472, 01-5918424



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
## Department of Roads
## Federal Highway Supervision and Monitoring Office
Road Division, Doti

## Invitation for Bids

**Notice No: 12-RDDOT/2079/080**
**Date of First Publication: 2079/10/29**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Doti invites open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| SN | Contract No. | Name of work | Average Annual Construction Turnover | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDDOT/337011384/ 2079/080-029 | Landslide Protection and River training Works on Midhill Highway NH- 03 (Seti Highway Ch 12+250,Raduwa) | 88 million | 1,470,000.00 | 5000.00 |
| 2 | RDDOT/337310113/ 2079/80-030 | Periodic Maintenance works at Mid Hill Highway NH 03 (Seti Highway CH 50+000~65+940) & Mahakali Highway NH 66 CH 86+800~88+300 & 95+500~99+000 | 77 million | 1,270,000.00 | 5000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Doti or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division, Kulpate, Doti without giving any reason/justification.

**Division Chief**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ माघ २०७९, आइतबार
12 February 2023, Sunday

## सम्पादकीय

### सवारी सुरक्षामा सुधारको खाँचो

राष्ट्रपति विद्यादेवी भण्डारीको सवारी फेरि विवादित बन्न पुगेको छ । शुक्रबार संघीय संसदलाई संयुक्त सम्बोधन गर्न निस्किएकी राष्ट्रपति भण्डारीको सवारीका क्रममा सडक सुरक्षा कडा बनाइएको थियो । त्यही क्रममा एक चिकित्सक कुटिएपछि सवारी विवादित बन्न पुगेको हो । अहिले राष्ट्रपति भण्डारीको सवारीलाई लिएर अनेक बहस भइरहेको छ । नेपाल चिकित्सक संघले आकस्मिक बाहेक स्वास्थ्य सेवा नै बन्द गर्ने निर्णय गरेको छ । शनिबार बसेको संघको बैठकले चिकित्सक कुटपिटको विरोधमा आज देशभर आकस्मिक बाहेक स्वास्थ्य उपचार नगर्ने निर्णय गरेको हो । संघका अध्यक्ष डा.लोचन कार्की र महासचिव डा.बद्री रिजालले बक्तव्य जारी गरेर देशभर स्वास्थ्य सेवा अवरूद्ध गर्ने कार्यक्रम सार्वजनिक गरेका हुन् ।

चिकित्सक संघको निर्णयले स्वास्थ्य उपचार जस्तो संवेदनशील क्षेत्र प्रभावित हुनु दुखद् छ । आकस्मिक बाहेक उपचार नगर्ने निर्णयको असर फेरि पनि बिरामीहरूमाथि पर्नेछ । चिकित्सक संघले भने शुक्रबार राष्ट्रपतिको सवारीका क्रममा भएको जामले आमनागरिकको जीवनयाममा परेको असरप्रति चिन्ता जनाएको छ । तर आफ्नो आन्दोलनका क्रममा नागरिकले स्वास्थ्य उपचार नपाउने परिस्थितिप्रति चिकित्सक संघ जवाफदेही बनेको देखिदैन । पक्कैपनि चिकित्सक कुटिनु निन्दनीय कुरा हो । यो घटनापछि चिकित्सक कुटपिट गर्ने प्रहरी निलम्बनको निर्णय नेपाल प्रहरीले गरिसकेको छ । थप अनुसन्धान हुन आवश्यक छदैछ । तर अनुसन्धान र कार्बाही प्रक्रियाबारे कतिपनि समय नपर्खी स्वास्थ्य सेवा पाउने नागरिकको अधिकार हठात् खोसिनु राम्रो होइन । यसप्रति चिकित्सक संघले एकपटक आफ्नै निर्णयबारे पुनरावलोकन गर्न जरूरी छ ।

तर त्यो पनि महत्वपूर्ण विषय सवारीबारे सोच्नुपर्ने भएको छ । दुई कार्यकाल गरी सात वर्ष अवधि सकेर विदा हुन लागेकी राष्ट्रपति विद्यादेवी भण्डारीले संसद् सम्बोधन स्वभाविक र प्राकृतिक कुरा हो । तर राष्ट्रपतिलाई संसदसम्म लैजाने र फेरि शितल निवास फर्काउने क्रममा गरिएको अव्यवस्थित सवारी व्यवस्थाबारे दीर्घकालीन समाधान खोज्न आवश्यक छ । यो राष्ट्रपति भण्डारीको सवारीको कुरा मात्रै नभएर भीभीआईपी भ्रमणमा गरिने परम्परागत सुरक्षाशैलीसँग जोडिएको विषय हो । स्वभाविक रूपमा भीभीआईपी सुरक्षा महत्वपूर्ण छ, तर नागरिकको दैनिकीलाई असर नपारी कसरी सवारी गराउने भन्नेबारे सुरक्षा प्रणालीमै सोच्न आवश्यक छ । होइन भने भीभीआईपी सवारीका क्रममा लगातार देखिदै आएको यस्तो समस्या चिकित्सक संघको आन्दोलन वा एउटा चिकित्सकले कुटिनुबारे अनुसन्धान गरेर मात्रै समाधान हुन सक्दैन ।

# बढ्दो सांस्कृतिक अनुदारवाद

*वर्चश्वशाली संस्कृतिको दबदबा सहर्ष स्वीकार गर्ने परिपाटी अझै छ भने सीमान्तकृत संस्कृतिमाथिको विभेद जब्बर भएर बसेको छ । जनवरी पहिलो दिनलाई नयाँ वर्षको रूपमा हर्षोल्लासका साथ मनाइन्छ । तर, नेपालभित्रै रहेका नयाँ वर्षहरू न्हुँ दया भिन्तुना, ल्होछार पर्वमा सम्बन्धित समुदायबाहेक अरूले नयाँ वर्षको शुभकामनासम्म त्यति दिइँदैन ।*

अग्रलेख




● निष्णु थिङ

अन्तरिम संविधान-२०६३ ले व्यवस्था गरेको अधिकार किस्ता किस्तामा खोसिदै छ । नेपाली समाजको बहुजातीय र बहुसांस्कृतिक चरित्रलाई स्वीकार गर्ने चेष्टा यो अन्तरिम संविधानले गरेको थियो । अन्तरिम संविधानमा केही सांस्कृतिक अधिकारहरु सुनिश्चित गर्ने प्रयास गरिएकोमा त्यसलाई अझै बढाउदै लैजानु भन्दा क्रमशः कमजोर बनाउदै लगिएको छ । नेपालको संविधान-२०७२ जारी भएपश्चात् दुई पटक तीनै तहका सरकारहरुका निर्वाचन भए । यसपालिको चुनावी नतिजाले 'दाहिने ढल्कुवा शक्ति'हरुलाई बलिया बनाएको छ । पुष्पकमल दाहाल प्रचण्डको सत्तारोहण दौरा सुरुवाल राष्ट्रवाद र चिना हेराइका साथ भयो । उनको 'यूटर्न' पहाडे ब्राह्मणवादी र भाग्यवादी अवतारका रूपमा देखा परेको छ ।

यही माघ ८ गते शुक्ला प्रतिपदाका दिन तामाङहरुले मनाउने २८२९ औं सोनाम ल्होछार मनाइयो । ल्होछार भन्नाले पूरानो वर्षलाई बिदा गरेर नयाँ वर्षलाई स्वागत गर्ने दिन हो । यो पर्व नयाँ वर्षको प्रारम्भको दिन पनि हो । सरकारले एक दिनको बिदा दिन्छ, देशविदेशबाट आफ्नो घरमा फर्कने लर्को हुन्छ । एकदिनको बिदामा काठमाडौंमा भएकाहरुलाई आफ्नो गाउँघरमा ल्होछार मनाउन जाँदाजाँदै बाटोमै बिदा समाप्त हुन्छ । सरकारले उपलब्ध गराएको बिदा पर्याप्त हुँदैन । त्यसैले, घरभन्दा बाहिर रहेका इष्टमित्रहरुलाई बा-आमा र नातागोतासित भेटघाट गराउने यो ल्होछार बिदा त्यस्तो अवसर बन्दैन । नेपालमा यस्तै सांस्कृतिक चाडपर्वहरुमाथि कुत्सित राजनीति हुँदै आएको छ । केपी ओली नेतृत्वको वामगठबन्धनको सरकारले समृद्धिको नाममा यहाँका सांस्कृतिक पर्वहरुका बिदा कटौती गऱ्यो । पछि शेरबहादुर देउवा नेतृत्वको सरकारले पुनः बिदा दियो । यसरी बिदा दिने र कटौतीका चक्रले देशभित्र मनाउने सांस्कृतिक पर्वहरुमाथि खेलबाड गर्ने कामहरु भएका छन् । नेपालभित्र रहेका विभिन्न सांस्कृतिक पर्वहरु यो देशकै सांस्कृतिक सम्पदा हुन् । बिडम्बना आफ्नो पर्वको दिन अझै पनि ती चाडपर्व मनाउने समुदायका विद्यार्थी र शिक्षकहरु विद्यालय, कलेजमा जानुपर्ने बाध्यता छ । लोकसेवा आयोगले त्यहीँ दिन परीक्षा राखेका विगतमा थुप्रै दृष्टान्तहरु छन् । यसपालि 'आइसर'ले मिड टर्म परीक्षा राखेको थियो । केएमसी विद्यालयले नियमित कक्षा सञ्चालनमा राख्यो । उक्त दिन आफ्नो चाड मनाउने कि परीक्षा र विद्यालयको कक्षामा तामाङ विद्यार्थी र शिक्षकहरु जाने दोधारमा परेका थिए । यी दुईवटा त प्रतिनिधि संस्थाहरु हुन् । त्यस्ता थुप्रै संस्थाहरु छन्, जसले गैरहिन्दू सांस्कृतिक पर्वहरुका बिदालाई अवज्ञा गर्छन् । जब विभिन्न सांस्कृतिक र जातीय समूहहरुले आफ्नो अधिकारको मुद्दा उठाउँछन्, तब सहिष्णुता र सद्भावका भाष्यहरु सृजना गर्छन् । यस्ता सहिष्णुता र सद्भावका भाष्यहरु केवल आन्दोलनलाई दिग्भ्रमित गर्ने खेल मात्रै हुन् । नभए, यतिबेला ती आवाजहरु कता बिलाए ?

वर्चश्वशाली संस्कृतिको दबदबा सहर्ष स्वीकार गर्ने परिपाटी अझै छ र सीमान्तकृत संस्कृतिमाथिको विभेद जब्बर भएर बसेको छ । जनवरी पहिलो दिनलाई नयाँ वर्षको रूपमा हर्षोल्लासका साथ मनाइन्छ । तर, नेपालभित्रै रहेका नयाँ वर्षहरु न्हुँ दया भिन्तुना, ल्होछार पर्वमा सम्बन्धित समुदायबाहेक अरुले नयाँ वर्षको शुभकामना सम्म त्यति दिँइदैन । नेपालमा अहिले रामपन्थी, खामपन्थी, हिन्दूपन्थी, राजतन्त्रवादी र तथाकथित वामपन्थीहरुको साँठगाँठमा सरकार बनेको छ । देशमा अहिले सामाजिक न्यायको आन्दोलनहरु कमजोर भएको मौकामा अनुदारवाद फस्टाएको छ । सामाजिक न्यायको मुद्दाको वकालत गर्ने मधेशी दलहरु र मधेश प्रदेशको सरकारले पनि उदाहरण प्रस्तुत गर्न



सकेनन् । पाँच वर्षे कार्यकालमा सामाजिक न्यायको नीतिगत र कानुनी पूर्वाधार बनाउन सकेन । भर्खरै गठित नयाँ मधेश प्रदेशसभाको शपथ ग्रहण समारोह पौष १५ गतेका दिन आयोजना गरिएको थियो । त्यो दिन तमु ल्होछार परेको थियो । संघीय सरकारले तमु ल्होछारको दिन बिदा दिँदै आएको सर्वविदितै छ । तैपनि त्यही दिन शपथ ग्रहण समारोह राख्नुले सांस्कृतिक अवज्ञा गरेको पुष्टि हुन्छ ।

केही वर्ष अगाडि टुँडिखेलमा आयोजित ल्होछार सांस्कृतिक पर्वको समारोहका लागि प्रमुख अतिथिका रूपमा निम्त्याउन नेपाल तामाङ घेदुङलगायत लब्धप्रतिष्ठित समूह निम्तो लिएर जाँदा राष्ट्रपति विद्यादेवी भण्डारीले अनुचित शर्तहरु तेर्स्याएकी थिइन् । उनले आफ्नो राजनीतिक र सांस्कृतिक पूर्वाग्रहमिश्रित अडानहरु राखेर समारोहमा उपस्थित भइनन् । उनका शर्तहरु स्वीकार गरे मात्रै निम्तो स्वीकार्ने मत जाहेर गरिन् । यसले पुष्टि गर्छ कि उनी देशको अभिभावक होइन, निश्चित समूहको स्वार्थरक्षा गर्ने व्यक्ति जस्तो बनिन् । राष्ट्रपति संस्थाले त्यस्तो काखा र पाखाको व्यवहार गर्न नमिल्ने हो । तर, नेपालमा 'जसको लाठी उसको भैंसी' भन्ने जंगली न्यायको सिद्धान्तले काम गर्दै आएको देशमा यसलाई स्वभाविक नै मान्नु पर्ने अवस्था छ ।

हाम्रो पुरानो खुल्ला सीमाना भएको छिमेकी देश भारतमा अहिले सांस्कृतिक अनुदारवाद चरमोत्कर्षमा पुगेको छ । हालै, पठान चलचित्रको एउटा गीत सार्वजनिक भएपछि भारतीय जनता पार्टीले त्यसमाथि कडा प्रतिक्रिया दियो । दिपिका पादुकोणले लगाएको गेरुवा विकिनीलाई लिएर निकै ठूलो हल्लीखल्ली मच्चायो । शाहरुख खान र दिपिकाको विरुद्धमा हिन्दू सेन्टिमेन्टलाई भड्काइयो । सो चलचित्रलाई प्रतिबन्ध लाउने धम्कीहरु सार्वजनिक भए । अहिले भारतमा सीमान्तकृत, अल्पसंख्यक, आदिवासी र दलितहरुमाथि अत्याचार बढ्दो छ । मुश्लिममाथिको घृणाको राजनीति चल्दैछ । नेपालमा राजनीतिक र सांस्कृतिक अनुदारवाद भारतबाट आयात भइरहेको छ । भारतमा वृद्धि भएको अनुदारवादले यहाँका राजनीतिक, सांस्कृतिक, शैक्षिक संस्थाहरुमा प्रभाव जमाउदै लगेको छ । समाजमा अनुदारवाद र हिन्दू राष्ट्रवादको असर देखिन थालेको छ । गैरहिन्दूमाथि देशद्रोही र राष्ट्रघातीको लाञ्छना लाउदै आएको छ । भाजपाको राजनीतिले यहाँका समाजमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ । नेपालका दलहरु तीव्र गतिमा भाजपाकरण हुँदैछन् । भाजपाले गैरहिन्दू हुनुलाई अपराधीको भाष्य स्थापना गरेको छ । अरु कुनै प्रमाण चाहिँदैन, गैरहिन्दू हुनु नै त्यसको दशी हो भन्ने लहर चलाएको छ । भारतमा स्वतन्त्र र निष्पक्ष सञ्चार माध्यम छैन । गोदी मिडियाकै बोलबाला छ । मिडियाको मूल्य मान्यता बोकेका एनडिटिभी पनि कब्जा गरियो । रवीश कुमारजस्ता सम्पादक र पत्रकारले राजीनामा दिनपर्ने बाध्यता सिर्जना गरियो । मोदीको उदयपश्चात् समाजका औपचारिक र अनौपचारिक संस्थाहरुलाई भाजपाकरण गरेर अनुदारवादलाई मलजल गरिएको छ ।

समाजमा रहेका औपचारिक र अनौपचारिक संस्थाहरुले फरक सभ्यता र संस्कृतिलाई सम्मान नगर्नु र त्यसलाई अवज्ञा गर्नुलाई सामान्य मान्न सकिदैन । कतिपय औपचारिक संस्थाले त ल्होछार बिदा सम्बन्धमा, 'यहाँ यो पर्व मनाउने विद्यार्थी र शिक्षक न्यून छन् । त्यसैले बिदा नदिने' घोषणा गरेका रहेछन् । यसले नेपाली समाजमा तीव्र दरमा सांस्कृतिक अनुदारवाद मौलाएको जनाउँछ ।

आइसर (इन्स्टिट्युट अफ एडभान्स्ट कम्युनिकेशन, एजुकेशन एण्ड रिसर्च) जस्ता शैक्षिक संस्था जहाँ एम.ए. र एमफिल तहको अध्ययन र अध्यापन हुँदै आएको छ । जहाँ एमफिल तहमा 'मल्टिकल्चरिजम्: देन एण्ड नाउ' पढाइ हुँदै आएको छ । विद्यार्थीलाई औपचारिक रूपमा तीन क्रेडिटको बहुसांस्कृतिकवादको बारेमा पढाइन्छ र प्रमाणपत्र दिइन्छ । बहुसांस्कृतिकवादको प्राज्ञिक अध्यापन र अनुसन्धान हुने यस संस्थाको विद्यार्थीहरु र प्राध्यापक अरुण गुप्तोको सहभागितामा 'बहुसांस्कृतिक देउसी भैलो' गतवर्षको तिहारमा खेलिएको थियो । एकै वर्ष पछाडि यहीँ संस्थाले सोनाम ल्होछारकै दिन परीक्षा सञ्चालन गऱ्यो । त्यो दिन यो पर्व मनाउने विद्यार्थी पर्व मनाउने कि परीक्षा दिन जाने ? गम्भीर प्रश्न उठेको थियो । सर्लाहीको हरिवन बजार ल्होछारकै दिन बन्द रह्यो । बजार बन्द रहँदा त्यस बजारका अत्याधिक उपभोक्ता रहेका तामाङहरुलाई असहज भयो । हरिवन उद्योग वाणिज्य संघको आव्हानमा भएको त्यस प्रकारको गतिविधिले हाम्रो समाजमा आपसी सांस्कृतिक सद्भाव कमजोर बन्दै गइरहेको संकेत गर्छ । त्यसले हाम्रो समाज र यहाँ रहेका संस्थाहरुमा तीव्रगतिमा मौलाएको सांस्कृतिक अनुदारवादलाई इंगित गर्दछ । वर्चश्वशाली सांस्कृतिक समूहले सीमान्कृत संस्कृतिलाई असहयोग र अवज्ञा पुनः गर्न थालेको छ । हाम्रो संविधानको प्रस्तावनामा लेखिएको, "नेपाल बहुसांस्कृतिक र बहुजातीय" केवल कागजको एक टुक्रा मात्रै भएको जनाउँछ । अहिले गठित सरकारले विवादास्पद 'पृथ्वी जयन्ती'को बिदा दिने निर्णय गरेसँगै अनुदारवाद चुलिएको छ । अहिले सांस्कृतिक अनुदारवादले शीर उठाएको छ । पृथ्वी जयन्तीको बिदा र समाजमा रहेका अरु संस्कृतिमाथिको बलमिचाइँ र अवज्ञा कुनै संयोग मात्रै होइन । समाजमा बढ्दै गएको सांस्कृतिक र सामाजिक अनुदारवादलाई अहिलेको दलीय राजनीतिले काँध थापेको छ । हाम्रो विविधताको आपसी सम्मान र व्यवस्थापनले मात्रै यो देश समृद्ध हुने छ । बहुजातीय र बहुसांस्कृतिक समाजमा बढ्दो अनुदारवादले द्वन्द्व निम्त्याउने भएकोले यसप्रति सचेत र गम्भीर बन्नै पर्छ ।

## सामाजिक सञ्जाल



**- मोहना अन्सारी**

राष्ट्रपतिको सवारी हुँदा सुरक्षाकर्मीबाट डाक्टर कुटिन्छन्, कारण उनी डिउटी सकेर घर जाँदै थिए । राणाकालमा सिँहदरबार अगाडीबाट जनता हिँड्न पाउँदैन थिए, माथिल्लो बाटो हिन्नको लागि अनुमती चाहिन्थ्यो । सर्वसाधारण भूईमूनीको बाटो मात्रै हिँड्न पाउथे । रैती कुटिन्छन् !



**- राधाकृष्ण कटवाल**

प्रजातन्त्र राजाले सिध्याए, गणतन्त्र राष्ट्रपतिले सिध्याउलान् जस्तो छ त ! विगत र भविष्य नसम्झनेलाई भनेर के काम ! निदाएकोलाई उठाउन सजिलो हुन्छ तर, निदाएको बाहाना बनाउनेलाई उठाउन सकिन्न भनेको सत्य हो । डाक्टर कुटिनु खेदजन छ, यसमा राष्ट्रपतिले माफि माग्नुपर्छ । हिँड्न र बोल्न सबैले पाउनुपर्छ ।



**- राजेश राई**

'ट्रमा सेन्टरका डाक्टरमाथि प्रहरीले कुटपिट' गरेपछि लेखिएका प्रतिक्रियाहरू यस्तो लाग्छ, 'मानौं राष्ट्रपतिले नै चिकित्सकहरूमाथि लाठी हान्नुभयो ।' प्रहरी संयमित बन्न नसक्दा घटित घटना हो, यो । राष्ट्रपतिको आदेशले कुटिएको जसरी अतिरञ्जना गरेर गाली गरिनु पूर्वाग्रह बाहेक अरू केही होइन ।



**- रामहरि खतिवडा**

राष्ट्रपति हिँड्ने समयमा बाटो जाम गर्ने पद्धति बन्द गरौं । अझ बिमारी जाँच्ने डाक्टरलाई लाठीचार्ज गर्ने पद्धतिले राष्ट्रपतिको गरिमा कति माथि उठेको होला ? यो जानकारी सम्माननीय ज्यूमा होला कि नहोला ? कृपया, आफैंले भन्नुहोस्, "म कहीँ जाँदा बाटो खाली नगर, म सबै नेपाली बराबर हुँ ।"



**- ओमकुमार थापा**

राजतन्त्रलाई सामन्ती भन्नेहरू अहिले छोटे राजाको रूपमा नवसामन्तको भेषमा उदाएका छन् । राजाको सवारीलाई सामन्ती संस्कार भन्नेहरू अहिले राष्ट्रपतिको सवारीमा घण्टौसम्म जनतालाई दुःख दिएर तमासा देखाइरहेका छन् । व्यवस्था परिवर्तन भयो तर, सामन्ती सोच र अवस्था जस्ताको त्यस्तै छ । खोइ परिवर्तन ?

# ल्याटिन अमेरिकामा वामपन्थी लहर

विचार



● राजन तिमल्सिना

*लुइज इनासियो लुला दा सिल्भाको उदय ब्राजिलका लागि होइन समग्र ल्याटिन अमेरिकी देशहरूका निम्ति महत्वपूर्ण सन्देश हो । अमेरिकाको नाकैमुनी रहेका देशहरू कसरी बामपन्थी लहर चलिरहेको छ, यसले पुष्टि गर्दछ । आगामी समय ब्राजिलको राजनीतिले पनि समग्र ल्याटिन अमेरिकी देशहरूमा परिवर्तनको लहर सिर्जना गर्नसक्छ ।*

ट्रेड युनियन आन्दोलनबाट उदाएका ब्राजिलका लुइज इनासियो लुला दा सिल्भा ब्राजिलको सर्वोच्च पदमा तेस्रो कार्यकालका लागि निर्वाचित भए । अक्टोबर ३० मा भएको निर्वाचनमा उनले ५०.८९ प्रतिशत मत प्राप्त गरे, जसमा ९९.७६ प्रतिशत मत गणना गरिएको थियो र ४९.११ मत प्राप्त गरेका वर्तमान जैर बोल्सोनारोलाई पराजित गरे । बोल्सोनारो अमेरिकी पक्षधर हुन ।

एक क्यारिज्म्याटिक राजनीतिज्ञ, लुला अमेरिकी वामपन्थीको 'पावर हाउस' हुन् । उत्तरपूर्वको पर्नाम्बुकोमा जन्मेका उनका आमाबाबु किसान थिए, गरिबीका कारण आफ्ना आठ छोराछोरीलाई खुवाउन सक्दैन्थे । उनी सात वर्षको उमेरमा, उनकी आमा र छ जना भाइबहिनीहरू राम्रो जीवनको खोजीमा साओ पाउलो राज्यमा बसाइँ सरे । त्यसको तीन वर्ष पछि पून पहिले बन्दरगाह शहर सान्तोसमा र पछि सबैभन्दा धेरै जनसंख्या भएको राज्यको राजधानीमा बसाइँ सरे ।

औपचारिक शिक्षा २ कक्षामात्रै लिएका उनले साओ पाउलोमा हुँदा चरम गरिवीको कारण जुत्ता पोलिस गर्ने काम शुरु गरे । र पछि कारखानामा काम पाए । उनले १७ वर्षको हुँदा मेसिनरी दुर्घटनामा बायाँ हातको कान्छी औंला समेत गुमाउनु पऱ्यो ।

उनले आफ्नो राजनीतिक करियर २० वर्षको प्रारम्भमा ट्रेड युनियन सक्रियताबाट सुरु गरेका थिए । २५ वर्षको उमेरमा उनले आफ्नो विवाहको दुई वर्षमै आठ महिनाकी गर्भवती श्रीमती लुर्डेसलाई हेपाटाइटिसको कारण गुमाउन पुगे । उनले ट्रेड युनियन नेताको रूपमा आफ्नो काम जारी राखे । सन् १९७५ मा उनी शक्तिशाली धातु मजदुर युनियनको अध्यक्षमा चुनिए । लुलाले ब्राजिलको तानाशाही सरकारलाई चुनौती दिँदै धेरै हड्तालहरू आयोजना गरे, प्रजातन्त्र र मजदुर आन्दोलनको प्रतीकको रूपमा आफ्नो छविलाई बलियो बनाउँदै, पोल्याण्डको लेच वालेसासँग तुलना गर्न योग्य बने ।

सन् १९८० मा लुलाको नेतृत्वमा मजदुर, बुद्धिजीवी र कलाकारहरूको एक समूहले सैन्य शासनको प्रतिक्रियामा वर्कर्स पार्टीको स्थापना गरे । एक बहुलवादी वामपन्थी पार्टी जसले ट्रेड युनियनवादीहरू, बुद्धिजीवीहरू, कलाकारहरू र अभियान्ताहरू लगायतलाई एकसाथ संगठनमा आबद्ध गरे । उनी ल्याटिन अमेरिकाको गुलाबी ज्वारको हिस्सा बनेर सन् २००२ मा निर्वाचित हुनु अघि पनि तीन पटक राष्ट्रपतिको लागि चुनावी प्रतिस्पर्धामा थिए । उनको समयमा, ब्राजिलले कमोडिटीको विश्वव्यापी मागमा बढेको थियो । उक्त व्यापार वृद्धिले आर्थिक छालाङको रुपमा देशको अर्थतन्त्रमा व्यापक सुधार गरे । उनको कार्यकालमा २ करोड भन्दा धेरैलाई गरिबीको रेखाबाट बाहिर निकाल्ने काम गरे साथै विशाल सामाजिक कल्याणकारी कार्यक्रमहरूको लागु गरे ।

अमेरिकाको योजनामा राजनीतिक प्रतिशोधको आधारमा सन् २०१८ अप्रिलमा न्यायाधीश सर्जियो मोरोद्वारा घोषणा गरिएको 'अपरेशन कार वाश' (लाभा जाटो) अनुसन्धानको भागको रूपमा लुलालाई भ्रष्टाचारको आरोपमा जेल पठाइयो । फराकिलो अनुसन्धानले ब्राजिलको राज्य तेल कम्पनी पेट्रोब्रासलाई ल्याटिन अमेरिकामा प्रभाव पार्ने किकब्याक योजनाको अनुसन्धान गऱ्यो । उक्त अनुसन्धानबाट लुला दोषी नदेखिएपछि उनलाई रिहा गर्ने निर्णय सुनायो । ब्राजिलको सर्वोच्च अदालतले फैसला गऱ्यो कि कैदीहरूलाई विना प्रमाण जेल हाल्न सकिँदैन । लुला ५८० दिन जेलमा बिताएपछि २०१९ को नोभेम्बरमा रिहा भएका थिए ।

राष्ट्रपति चुनावको पहिलो चरणको कडा नतिजा (लुलाको लागि ४८%, बोल्सोनारोको लागि ४३%), मतदानले बोल्सोनारोको लोकप्रियतालाई कम आकंलन गरेको देखाउँदै, लुलालाई व्यापक गठबन्धन निर्माण गर्न र केन्द्रमा जान बाध्य तुल्यायो ।

ब्राजिल सन् २०२१ को दोस्रो आधामा मुद्रास्फीतिबाट नराम्ररी प्रभावित भएको थियो र, अहिले मुद्रास्फीति घट्दै गएको र देशको अर्थतन्त्र सुधार हुँदै गए पनि वास्तविक आम्दानी कोरोना भाइरस महामारी अघिको स्तरमा फर्किएको छैन । विपक्षी पार्टी अमेरिकी निर्देशनमा चल्ने हुँदा अझै ठूल्ठूला चुनौती देखा पर्नसक्छ । नेपालमा युवा र पढेलेखेको दाबी गर्ने समूहले 'नो नट अगेन' भन्ने नारालाई ब्राजिलियन जनताले नयाँ शिक्षा दिएका छन् ।

लुलाको उदय ब्राजिलका लागि होइन समग्र ल्याटिन अमेरिकी देशहरुका निम्ति महत्वपूर्ण सन्देश हो । अमेरिकाको नाकैमुनी रहेका देशहरु कसरी बामपन्थी लहर चलिरहेको छ, यसले पुष्टि गर्दछ । आगामी समय ब्राजिलको राजनीतिले पनि समग्र ल्याटिन अमेरिकी देशहरुमा परिवर्तनको लहर सिर्जना गर्नसक्छ ।

## तपाईको राशिफल

| | |
|---|---|
| मेष | शिक्षासम्बन्धी कार्यमा रुकावट आउन सक्छ । अनावश्यक खर्च हुने योग छ । |
| वृष | स्वास्थ्य लाभ हुनेछ । साथै, पराकममा वृद्धिको योग छ । |
| मिथुन | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा भने लाभ मिल्नेछ । |
| कर्कट | आहारमा ध्यान दिनुपर्छ । पेटसम्बन्धी समस्याको योग छ । |
| सिंह | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कन्या | खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | जग्गा खरीदको काम हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक | वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछन् । |
| धनु | नयाँ काम बन्ने छ । बाहिरी सम्बन्ध राम्रो हुने योग छ । |
| मकर | राम्रा प्रयास सफल हुनेछन् । धन आर्जन हुने योग छ । |
| कुम्भ | स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनसक्छ । |
| मीन | सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# अलास्काको आकाशमा उडिरहेको ‘अपरिचित वस्तु’ खसालिएको अमेरिकी दाबी



**काठमाडौं/एजेन्सी–** अमेरिकाले अलास्काको आकाशमा धेरै उचाइमा उडिरहेको अज्ञात वस्तुलाई जेटद्वारा आक्रमण गरी खसालेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार यसलाई खसाल्न आदेश दिएका थिए । रक्षा मन्त्रालयका प्रवक्ता जोन किर्बीले अज्ञात वस्तु ‘सानो कारको आकार’ भएको र यात्रु विमानका लागि धम्की भएको बताएका छन् । किर्बीले यो वस्तु कहाँबाट आयो र यसको उद्देश्य के हो भन्नेबारे अझै स्पष्ट नभएको बताएका छन् ।

यसअघि अमेरिकाको आकाशमा उडिरहेको चिनियाँ बेलुनलाई एक साताअघि साउथ क्यारोलिनाको तटमा सेनाको विमानले खसालेको थियो । जोन किर्बीले शुक्रबार ह्वाइट हाउसलाई अलास्काको आकाशमा भेटिएको वस्तुलाई वायुसेनाको एफ-२२ लडाकु विमानले खसालेको बताए । यसको भग्नावशेष चिनियाँ बेलुनको भग्नावशेषको तुलनामा धेरै कम छ । उनले यो वस्तु अलास्काको उत्तरी तटमा ४० हजार फिटको उचाइमा उडिरहेको बताए । जबकि यात्रुवाहक विमानहरू ४० देखि ४५ हजार फिटको उचाइमा उड्छन् । यस्तो अवस्थामा यो यात्रु विमानका लागि खतरा बन्न सक्छ । यो वस्तु ६४ किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरी ध्रुवतर्फ गइरहेको उनले बताए ।

यता अमेरिकी गुप्तचर समुदायले चिनियाँ जासुसी बेलुनलाई पीपुल्स लिबरेसन आर्मीद्वारा सञ्चालित वृहत निगरानी कार्यक्रमसँग जोडेको छ । वासिङ्टन पोस्टले अमेरिकी अधिकारीहरूले जासुसी निशाना बनाइएका सहयोगी र साझेदारहरूलाई यसबारे जानकारी दिन थालेका छन् ।

द वासिङ्टन पोस्टका अनुसार चीनको दक्षिणी तटमा रहेको हेनान प्रान्तबाट केही वर्षसम्म सञ्चालन भएको निगरानी बेलुन प्रयासले जापान, भारत, भियतनामलगायत चीनका लागि उदीयमान रणनीतिक चासो भएका देशहरू र क्षेत्रहरूमा सैन्य गतिविधिको जानकारी संकलन गरेको बताइएको छ ।

अधिकारीहरूका अनुसार पीएलए वायुसेनाद्वारा सञ्चालित निगरानी हवाई जहाजहरू पाँच महाद्वीपहरूमा देखाइएको छ ।

एक अधिकारीले भनेका छन्, ‘चिनियाँहरूले अविश्वसनीय पुरानो प्रविधि प्रयोग गरेर आधुनिक सञ्चार र निगरानी गर्दै अन्य राष्ट्रका सेनाहरूका गतिविधि नियन्त्रण गर्ने प्रयास गरेको छ ।’

न्युयोर्क टाइम्सले पनि यस घटनालाई जोड्दै बाइडेन प्रशासनले शुक्रबारदेखि धेरै चिनियाँ उड्डयन र प्रविधिहरूलाई यसको केही प्रविधिको बिक्रीमा रोक लगाएको छ ।

वाणिज्य विभागले इजाजतपत्र कारोबारमा रोक लगाउँदै थप पाँच चिनियाँ कम्पनीहरू र एउटा अनुसन्धान संस्थानलाई प्रतिबन्धको सूचीमा समावेश गरेको छ । उद्योग र सुरक्षाका लागि वाणिज्य उपसचिव एलन एस्टेभेजले यो कारबाहीले चिनियाँ सरकारले निगरानीको लागि उच्च-उचाइँ बेलुनहरू प्रयोग गरेकामा प्रतिक्रिया दिएको बताएका छन् । यस कारबाहीले अमेरिकाको राष्ट्रिय सुरक्षा र सार्वभौमसत्तामा हानि पुऱ्याउने संस्थाहरूलाई अमेरिकी प्रविधिको पहुँचबाट काटिनेछ भन्ने स्पष्ट शब्दमा भनेका छन् ।

# टर्की र सिरियामा भूकम्पबाट मृत्यु हुनेको संख्या २४ हजार नाघ्यो

**काठमाडौं/एजेन्सी–** टर्कीको पूर्वी भाग र छिमेकी सिरियामा गत सोमबार भएको भूकम्पमा परी हालसम्म २४ हजार भन्दा बढीको मृत्यु भएको छ भने हजारौँ घाइते भएका छन् ।

उद्धारकर्मीहरूका अनुसार टर्कीमा २० हजार छ सय ८५ जना तथा सिरियामा तीन हजार पाँच सय जनाले ज्यान गुमाएका छन् । मानवीय सहायता परिचालनमा समन्वय गरिरहेका संयुक्त राष्ट्रसंघका अधिकारीले करिब ५३ लाख सिरियाली घरबारविहीन भएका अनुमान गरेको छ । टर्की र सिरियाका नौ लाख भूकम्पपीडितलाई तातो खाना तत्काल आवश्यक भएको बताएका छन् ।

टर्कीले विद्रोही नियन्त्रणमा रहेको सिरियाका केही भागमा आफ्नो भूमिबाट दुईतर्फी बाटो खोल्ने प्रयास भइरहेको जनाएको छ। उद्धारकर्मीहरू भूकम्पपछिका एक सय घण्टादेखि प्रतिकूल मौसममा पनि भग्नावशेषबाट जीवित उद्धार गर्न सकेकामा त्यसलाई चमत्कार भनेका छन् । भूकम्पले भत्काएको भवनको भग्नावशेषबाट शुक्रबार एक सय पाँच घण्टापछि उद्धार गरिएकी एक महिलाको शनिबार निधन भएको छ ।

सिरियाका सरकारी सञ्चार माध्यमहरूका अनुसार दमास्कसले अब आफ्ना नियन्त्रण रेखा हुँदै विद्रोही नियन्त्रित क्षेत्रमा अन्तर्राष्ट्रिय सहायता पठाउने अनुमति दिएको छ । राष्ट्रसंघीय महासचिवका एकजना प्रवक्ताले बीबीसीलाई बताए अनुसार उनीहरू विद्रोही पकड क्षेत्रमा छिटो थप सहायता पुऱ्याउने प्रयास गरिरहेका छन् ।

उनले यति बेला सिरियामा रहेको भन्दा थप जटिल आपत्कालको कल्पना गर्न कठिन रहेको बताएका छन् । सिरियामा मात्र ५३ लाख मानिसहरू घरबारविहीन बनेको आशंका गरिएको छ ।

संयुक्त राष्ट्रसंघले ठन्डी मौसमकाबीच सीमाका दुवैतर्फ झन्डै नौ लाख मानिसहरूलाई तत्काल तातो खाना आवश्यक पर्ने जनाएको छ। आवास, पानी, इन्धन र विद्युत् आपूर्तिको अभावका कारण टर्की र सिरियामा अझै कैयौँले ज्यान गुमाउन सक्ने विश्व स्वास्थ्य संगठनले जनाएको छ ।


## लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७३/०९/२७ गते प्रा.लि.नं. १६१६८९/०७३/०७४ मा दर्ता भएको **सिल्भर पिक ग्लोबल प्रा.लि.** को २०७९।१०।२० मा सम्पन्न बिशेष साधारण सभाको बिशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर डोल प्रसाद दाहाल**
**इजाजत नं ४९३**
**नागार्जुन न.पा-०१, काठमाण्डौ**
**मोवाईल नं. ९८५१०४६५९८**

## लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७४/०९/०३ गते प्रा.लि.नं. १८००७४/०७४/०७५ मा दर्ता भएको **सिल्भर ग्लोबल इन्स्टिच्युट प्रा.लि.** को २०७९।१०।२४ मा सम्पन्न बिशेष साधारण सभाको बिशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर डोल प्रसाद दाहाल**
**इजाजत नं ४९३**
**नागार्जुन न.पा-०१, काठमाण्डौ**
**मोवाईल नं. ९८५१०४६५९८**

## लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०८/१२ गते प्रा.लि.नं. २०३३२१/०७५/०७६ मा दर्ता भएको **चण्डी मल्टिपल सर्भिस प्रा.लि.** को २०७९।१०।२३ मा सम्पन्न बिशेष साधारण सभाको बिशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर प्रदिप कुमार यादव**
**इजाजत नं ४९४**
**ललितपुर म.न.पा-०३, ललितपुर**
**मोवाईल नं. ९८५१०८७३४३**

## लिक्वीडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०५१/१०/०३ गते प्रा.लि.नं. १००९९०/०५१/०५२ मा दर्ता भएको **भूमिचित्र कम्पनी प्रा.लि.** को २०७९।१०।२५ मा सम्पन्न बिशेष साधारण सभाको बिशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर प्रदिप कुमार यादव**
**इजाजत नं ४९४**
**ललितपुर म.न.पा-०३, ललितपुर**
**मोवाईल नं. ९८५१०८७३४३**

## साउदीमा रोजगार

**कम्पनी : HAYAA MU'ADHD AYED AL-AJMI FACTORY FOR INDUSTRY**
**शहर: KSA**

**पूर्व स्वीकृत मितिः २०७९/०७/१४** **चलानी नं.: ६०१९००८३** LT. No.: 274435 **पुनः विज्ञापन**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण ७ गते (19 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८
श्रम इजाजत नं.: ६७८/०६३/०६४
**Email :** info@sesnepal.com, gsesnepal@gmail.com, **Website**. www.sesnepal.com


## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि E–BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०७९/१०/२९**

यस उर्लाबारी नगरपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतिय बोलपत्र **E–BID** को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्रदाताहरुबाट यो १५ दिने दोस्रो पटकको सूचना मार्फत रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट **www.bolpatra.gov.np/egp** वा यस कार्यालयको वेबसाईट **www.urlabarimun.gov.np** मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिलः**

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | रा./०४/०७९/८० | उर्लाबारी नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) भएका खोलानालाबाट उत्खनन् संकलन गरी बिक्री वितरण हुने ढुंङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला बिक्री मूल्य असुली । खोलाः सुनझोडा । | १३,५००।० (तेह्र हजार पाँच सय) | २४,८९,५७५।० | ७४,६८५।० | ३,०००। |
| २. | रा./०५/०७९/८० | उर्लाबारी नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) भएका खोलानालाबाट उत्खनन् संकलन गरी बिक्री वितरण हुने ढुंङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला बिक्री मूल्य असुली । खोलाहरुः बक्राहा, सोल्टी, नुनसरी। | ९९,३५०।० (उनान्सय हजार तीन सय पचास) | १,६२,४३,०६५।० | ४,८७,२९०।० | ३,०००। |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

## Bardagoriya Rural Municipality
## Office of the Rural Municipal Executive
**Muda, Kailali**

**Date of Publication: February 12, 2023 (2079/10/29)**

Bardagoriya Rural Municipality, Office of the Municipal Executive invites online bids from eligible bidders for the Supply, Installation and Construction of Water Supply Components For Rani Kunda Water Supply Project at Bardagoriya Rural Municipality as mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT, PS & Contingencies (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 17/BRM/ NCB/2079/080 | Supply, Installation and Construction of Water Supply Components For Rani Kunda Water Supply Project, Bardagoriya Rural Municipality, Ward no.3 | 70,77,133.172 | 2,20,000.00 | 3000/- | Hard Copy Not Acceptable |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Bardagoriya Rural Municipality office, Kailali, Email: ***bardagoriyagaupalika2017@gmail.com***, Phone no. **9848816748** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
2. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Sanchit Kosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC Asia Bank, Bauniya, Kailali.**
   **Name of Office : Bardagoriya Rural Municipality**
   **Office Account no. : 0952050028226002 (For Deposition of Bid Document Charge Rs. 3000.00)**
   **9541498687524004 (Dharauti Khata) Ga-3 (In Case of Bid Security Amount Deposition).**
3. Pre-bid meeting shall be held at Bardagoriya Rural Municipality, Office at 12:00 pm on 2079/11/14 (February 26, 2023).
4. Electronic bids must be bought with in 2079/11/30 (March 14, 2023 ) and can be submitted to at Bardagoriya Rural Municipality Office, Muda Kailali through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before 12:00 Noon on 2079/11/30 (March 14, 2023). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2079/11/30 ( March 14, 2023). at the office of Bardagoriya Rural Municipality Office, Kailali. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to minimum of NRs. 2,20,000/- (Two Lakh Twenty Thousand Only) which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bardagoriya Rural Municipality City Office, Muda Kailali, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of the Supply, Installation and Construction of Water Supply Components For Rani Kunda Water Supply Project, Bardagoriya Rural Municipality Kailali reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Bardagoriya Rural Municipality Office, Muda, and Kailali.

**Chief Administrator Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२९ माघ २०७९, आइतबार
12 February 2023, Sunday

# बक्स अफिस समाचार



# ‘कंगाल बन्न कसैले चलचित्र बनाउँदैन’

कुनै पनि कुरालाई जन्मले अस्तित्वमा ल्याउँछ भने उसको कामले त्यो अस्तित्वलाई परिचित तुल्याउँछ । र, परिचित हुनु सामान्य प्रक्रिया हो, नौलो हाइन । तर परिचयलाई स्थापितको उचाइमा लान सक्नु निश्चय पनि एउटा इतिहास हो । बग्रेल्ती मान्छेहरुको भिडमा इतिहास लेखिने गरी जीवन बिताइरहेका मानिसहरु आम मानिसभन्दा फरक हुन्छन् नै । उनीहरु आफ्नो कर्मलाई फरक ढंगले सम्पन्न गर्न खोज्छन्, जटिल र संघर्षपूर्ण जिन्दगी स्वीकारेर पनि सिर्जनात्मक गतिविधिमा निर्लिप्त रहन्छन् । हो त्यस्ता व्यक्तिहरुलाई समाजका हरेक आँखाहरुले सदैव पछ्याइरहेको हुन्छ, उनीहरुका हरेक क्रियाकलापहरुलाई चासो राखिरहेको हुन्छ । हिजो यिनले यसो गरे, आज के गर्दैछन् ? अब भोलि के गर्लान् ? स्वभाविक चासो त रहन्छ नै । र, एउटा यस्तै चासोका पात्र हुन् उद्धव अविदित ।

करिब तीन दशक अगाडि नेपाली चलचित्र नगरीको मैदानमा लेखक, निर्देशकका रुपमा उदाएका अविदित आफ्नो फरक कामका कारण निकै नै चर्चामा रहे । आम चलचित्रको माझमा गम्भीर विषय प्रविधिसहितको व्यावसायिक चलचित्र निर्माणको फरक धारलाई नेपाली चलचित्र उद्योगमा भित्र्याउने श्रेय वास्तवमा यिनैलाई जान्छ । मायापिरती’, सुख दुःख, परिवार र जिन्दगीको लयात्मक कथामा दौडिरहेको या भनौं त्यस्ता कथाहरुलाई सुखान्त र दुखान्त वाचन गरिरहेको नेपाली चलचित्रको वृत्तमा एउटा फरक लयमा सामाजिक जागरण र विद्रोहलाई सुत्रवद्ध गरी कथामा समाविष्ट गर्न माहिर बौद्धिक चलचित्रकर्मीको रुपमा अविदितलाई उद्योगले स्वीकारेको र दर्शकले चिनेका छन् । तत्कालीन समयमै यो पितृसत्तात्मक राज्यमा आमाको नामबाट पनि छोरा छोरीको नागरिकता बन्नुपर्छ भन्ने, त्यो बेलाको चलचित्र ‘इतिहास’देखि देशको सिमाना अतिक्रमण भएको यथार्थलाई पहिलो चोटी ‘कालापानी’ दर्शकको माझमा ल्याउने आँटिलो निर्देशक अविदित नै हुन् । नेपाली समाजलाई मिहिन ढंगबाट अध्ययन गर्दै दर्जनौं चलचित्र निर्माण गरेर आफ्नो परिचय बनाएका उनै बौद्धिक र प्रतिभाशाली चलचित्रकर्मी **उद्धव अविदित**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**देशभक्ति चलचित्र लेखन, निर्देशनमा पहिचान बनाइसक्नु भएको व्यक्ति आज यो क्षेत्रबाट टाढा हुँदै गइरहनु भएको जस्तो लाग्दैन ?**

कर्ममा दत्तचित्त भएर लागेको मान्छे बाँचेर पनि हराउनु भनेको बिराउनु नै हो । मैलै बिराएको छैन, तसर्थ म हराएको पनि होइन । म भावनामा खेल्ने सर्जकमात्र पनि होइन, सामाजिक दायित्व बोकेको कर्तव्यनिष्ठ पात्र हुँ । जुन कुरा मेरा सिर्जनाहरुले पनि प्रष्ट्याउँछ नै । तर आफूभित्र प्रतिबद्धता हुँदाहुँदै पनि समय अनुकूल नरहेपश्चात विश्राम नै गरेजस्तो लाग्ला पनि । तर होइन, म केही गर्न खोजिरहेको छु यो प्रतिकूलताकै माझमा पनि । मैलो अंगालेको विधा निश्चितरुपमा कला मध्येकै सबैभन्दा महँगो विधा हो । कोरोनाको महामारीले चलचित्र उद्योगलाई एउटा संक्रमणीय अवस्थामा ल्याइपुऱ्याएपछि मैले घोषणा गरेको चलचित्रको कामलाई समेत बीचैमा रोक्नु परेको तितो भोगाईमा छटपटिएको सर्जक हुन पुगें । तर अवस्था फेरि सहज हुँदै पपिक्वता तिर जाँदैछ । छिट्टै म केही नयाँ गर्ने अठोटमा छु ।

**नेपालमा चलचित्रको विकास क्रम केही ढिला शुरु भए पनि हाल यो क्षेत्र सशक्त बनिरहेको अवस्थालाई कसरी मूल्यांकन गर्नु हुन्छ ?**

अशक्त प्रस्तुति दिएर क्षेत्र सशक्त छ भन्ने डिंग हाँक्नु दिवालीयापन हो । हामीले सशक्त चलचित्र निर्माण गर्न सके मात्र हाम्रो क्षेत्र, या भनौं सिंगो चलचित्र उद्योग सशक्त बन्ने हो । निर्माणको संख्या धेरै र सफलताको संख्या गनेर हामी सशक्त बन्दैछौं भन्नु बेकार हो । केही अपवादलाई छाड्ने हो भने आज बलिउड नै पनि एम्बुसमा उभिएको अवस्था छ । खुट्टो उचाल्यो कि सकियो, यत्तिकै खुट्टो राखिरहुँ कहिलेसम्म राखिरहुँ गलिसकियो, उठायो सक्कियो । किन यो स्थिति आयो त्यहाँभन्दा स्वीकार्नै नसकिने कपोकल्पित कथावस्तु, भड्किलो प्रस्तुति र दम्भपूर्ण निर्माणको श्रृंखलाका कारण बलिउड उँधो बाटो लादैछ र हामी नेपाली उद्योग त्यसैलाई नक्कल गर्ने परिपाटीमा छौं भन्दा अत्यायुक्ति पनि नहोला । अझ थप भनौं भने दुई सय करोडको भारतीय चलचित्रलाई हामी एक करोडको लगानीमा फोटोकपी गरिरहेका हुन्छौं । तस्विरमा छायाँचित्र एकै देखिएला तर क्वालिटी हरेक कुरामा सम्झौता गर्नु, बजेट अनुसारको बाध्यता हो । तर अहिले आएर मौलिक कथावस्तुमा सरल चलचित्रहरु बन्न थालेका छन्, जुन सफल पनि देखिन्छन् र त्यस्ता चलचित्रहरुले उद्योगलाई सशक्तता तिर डोहोऱ्याउन थालेको आभाष हामीले पाउन थालेका छौं र यो खुसीको कुरा पनि हो । हामीले मौलिक लय समात्न थालेको छौं ।

**चलचित्रको व्यावस्थापन र नियमन चलचित्र विकास बोर्डले गर्छ, तर कार्यन्वयन गर्दैन भन्छन् नि ?**

हात्ती अजंगको देखिन्छ, त्यसको दाह्रा पनि भयानक देखिन्छ तर चपाउने दाँत छुट्टै हुन्छ त्यो देखिन्न । विकास बोर्डको भवन ठूलो देखिन्छ, त्यहाँको पद पदावली पनि त्यस्तै देखिन्छ । तर त्यसले के गर्छ ? के चपाउँछ आजसम्म कुनै चलचित्रकर्मीले बुझ्नै सकेका छैनन् । हामी चलचित्र निर्माण गर्न त्यहाँबाट इजाजत लिन्छौं र सेन्सरका लागि सञ्चार मन्त्रालयको छिंडीमा सिफारिस गरी पठाउने बाहेक अरु केही गरेजस्तो लाग्दैन । दिनानुदिन चलचित्र प्रदर्शन गर्ने भवनहरु बन्द हुँदै गइरहेका छन् । अत्याधिक मात्रमा चलचित्रकर्मीहरु बेरोजगार, बेघरबार बन्दै गइरहेका हुन्छन्, तर चलचित्र क्षेत्रको विकास गर्छु भन्ने अभिभारा बोकेको विकास बोर्ड किंकर्तब्यविमुढ, चुपचाप बिजोगलाई दर्शक बनेर हेरिरहेको हुन्छ । यो बोर्ड के को लागि राजनैतिक नियुक्ति खाएर दम्भ प्रदर्शन गर्नैको लागि ? कहाँ कुन कुरामा के व्यवस्थापन गरेको छ ? कुन नियमनको कुरा गर्नुहुन्छ ? आज देखिएको हल भोलि पार्टी प्यालेस बनेको हुन्छ ? आज रिलिज भएको नेपाली चलचित्रलाई पन्छाउँदै भोलिदेखि भारतीय चलचित्रको रिलिजको तयारी भइरहेको हुन्छ । हेर्दा पनि खाली ठाउँ भर्नका लागि नेपाली चलचित्रलाई व्यवस्थापन गर्न विकास बोर्ड खडा भएजस्तो । सांस्कृतिक अतिक्रमणको चपेटामा त छँदैछौं, त्यसमाथि भारतीय चलचित्रको अतिक्रमण । कतिपय सवालमा व्यवस्थाको नाममा बिचौलिया बन्दै कालिदास बनेर आफैं बसेको हाँगो काट्ने मूर्खतापूर्ण काम विकास बोर्डले गरेको हामी पाउँछौं । यसको पूर्ण स्वायतत्ता नभई विकास बोर्डको साइन बोर्डको अर्थ देख्दिनँ म ।



**चलचित्र उद्योग विभिन्न चरणहरू पार गर्दै आधुनिक प्रविधिको युगमा प्रवेश गरिसकेको छ, तपाईंलाई यसको सदुपयोग सही ढंगले भएजस्तो लाग्छ ?**

प्रविधिलाई आवश्यकताअनुसार उपयोग गरिन्छ । हाम्रा चलचित्रलाई कहाँ कहाँ कति मात्रामा आवश्यक छ, त्यति नै मात्रामा हामीले उपयोग गर्ने हो । शिद्धहस्त हातहरुले उपयुक्त ठाउँमा उपयोग गर्दा दर्शकहरुले हाम्रो चलचित्रमा चमत्कार देख्ने हो, अन्यथा बाँदरको हातमा नरिवल । तर जसरी विकसित हुँदैछ त्यसमा हामीले सन्तोष मान्नु पर्छ ।

**नेपालको अर्थतन्त्रमा चलचित्र क्षेत्रको योगदान कति छ ?**

काँचको पर्दा वा चलचित्र उज्यालो देखिन्छ । चलचित्रकर्मीहरु सुकिलामुकिला र भव्य देखिन्छन् । तर उनिहरुभित्रको पीडा आफ्नै किसिमको पनि छ । र, पीडाले अर्थतन्त्रलाई टेवा दिने काम गर्दैछ । न्यून अर्थ संकलन राज्यले गर्ला तर टेवाको कुरोमा पुग्न हामीलाई वर्षौं लाग्छ । देश र जनताको स्थिति मजबुत भए मनोरञ्जनले प्रश्रय पाउँछ । उद्योगले कमाउँछ अनि अर्थतन्त्रमा टेवा भन्ने कुरा आउँछ । वास्तवमा चलचित्र क्षेत्रलाई राज्यबाट संख्याको आवश्यकता छ, प्रोत्सानहनको आवश्यकता छ । यो आवश्यकता पूरा हुन सक्यो भने यो क्षेत्र सवल बन्ने छ र राज्यलाई अर्थमा टेवा दिन सक्ने छ । हिन्दी चलचित्र मनपर्ने, नेपाली हेर्दै नहेर्ने अनि बुझक्की बन्दै अर्थतन्त्रमा टेवा खोज्ने कुराहरु अहिले थाँतीमा राख्दा बेस हुन्छ ।

**२०३६ पछि धेरै रचनात्मक चलचित्रहरू बने जो सफल पनि रहे । अब त्यो अवस्था आउन के गर्नु पर्ला ?**

रचनात्मक चलचित्र नै बन्नु पऱ्यो नि । दर्शक रिझाउने चलचित्र बन्नु पऱ्यो । तब मात्र चलचित्र हेर्न दर्शकहरु व्यस्ततालाई थाँती राखेर हलसम्म धाउँछन् ।

**के नेपाली चलचित्र उद्योग पाकिस्तानी फिल्म उद्योग जस्तै बन्ने संकेत हो ?**

कदापी होइन । हामी लोकतान्त्रिक गणतन्त्र जस्तो उदारवादी शासन व्यवस्थामा छौं । अकुंश र लगाम हाम्रो टाउकोमा छैन, तर सांस्कृतिक अतिक्रमणको चपेटामा मात्र छौं । बस यो अतिक्रमणलाई चिर्न मौलिक हतियार, मौलिक चलचित्र हाम्रो आवश्यकता हो ।

**पेशागत हक, हित र वर्गीय उत्थानका अतिरिक्त चलचित्र क्षेत्रको संरक्षण एवं सम्बर्द्धनका लागि आवाज उठाउन खुलेका संघ, संस्थाहरुको कार्य सम्पादनप्रति तपाईंको टिप्पणी ?**

कुनै आवश्यकताले कुनै रहरले खुलेका छन् । कसले साँचोरुपमा चलचित्र क्षेत्रको हक हित र संरक्षणका लागि आवाज उठाउँछ या क्रियाशील रहन्छ भनेर मूल्यांकन गर्दै जाने कुरा हो ।

**चलचित्र क्षेत्रलाई चलायामान राख्न र नयाँ लगानीकर्ता भित्र्याउन राज्यले के गर्नुपर्ला ?**

राज्यले सक्ने भनेको वातावरण बनाउने मात्र हो । कसैलाई लगानी गरिदे भनेर घोक्रेठ्याक लगाउन सक्दैन र राज्यले जनताको करबाट उठेको पैसाले चलचित्र बनाउने पनि होइन, मात्र वातावरण बनाइदिने हो । लगानीकर्ता पनि यो क्षेत्रमा सुरक्षित रहे दीगो रहने हो र निरन्तरता दिने हो, कंगाल बन्नका लागि कसैले चलचित्र बनाउँदैन । लगानी उठ्ने प्रत्याभूति भए एक से एक लगानीकर्ता यो क्षत्रेमा हामफाल्न आउँछन् । किन कि यो क्षेत्रमा नाम पाइन्छ, इज्जत पाइन्छ ।

**नेपाली चलचित्रप्रति युवा पुस्ताको आकर्षण घट्नुमा कसलाई दोषी मान्नु हुन्छ ?**

स्वयं चलचित्रलाई । चलचित्रको लक्षित वर्ग हुन्न, राम्रा चलचित्र सबै वर्ग र पुस्ताको लागि हुन्छ । हामी त्यो कुरामा चुकेका हुन सक्छौं । राम्रा चलचित्र बनाऔं, मिठा चलचित्र बनाऔं हेरिरहुँ लाग्ने, दोहोऱ्याएर हेर्न मन लाग्ने आकर्षक चलचित्र बनाऔं चलचित्र चल्छ ।

# ‘बुलाकी’को टिजर रिलिज

**काठमाडौं/मस-** आगामी वैशाख १ गते (नयाँ वर्ष)बाट प्रदर्शनमा आउन लागेको फिल्म ‘बुलाकी’को टिजर सार्वजनिक भएको छ । शुक्रबार म्युजिक डटकम च्यानलबाट सार्वजनिक भएको २ मिनेट १ सेकेन्डको टिजरमा कर्णालीको ग्रामीण जीवन, रितिथिति, परम्परा र जारी प्रथाको विषयलाई प्रस्तुत गरिएको छ । टिजरमा अभिनेत्री सुरक्षा पन्त कर्णाली भेषभुषा र लवजमा दमदार देखिएकी छन् ।

लक्ष्मण सुनारद्वारा निर्देशित फिल्मको निर्माण टोपेन्द्र विष्टले गरेका हुन् । टिजर रिलिजअघि निर्माता विष्टले फिल्मको सफलताको कामना गर्दै पूजापाठ गरेका थिए । फिल्ममा सुरक्षाका अलावा नरेन खड्



का, विराज विष्ट, रमेश बुढाथोकी, लक्ष्मी गिरी, कुलदीप अधिकारी, सुशील पोखरेल, झलनाथ खत्री, धनबहादर राई, लक्ष्मण देवकोटा, प्रकाश कँडेल, सरस्वती खत्री आदिको अभिनय छ ।

छत्रेश्वरी म्यानेजमेन्टको ब्यानरमा स्व. मोति विष्टको प्रस्तुति रहेको फिल्मलाई शिव ढकालले खिचेका हुन् । अर्जुन जिसीले सम्पादन गरेको फिल्मको स्क्रिप्ट निर्देशक सुनार स्वयं, अभिनेता विष्ट, बिराज, राजबहादुर साने र निर्मल पौडेलले तयार गरेका हुन् । डोल्पा, जाजरकोट र रुकुम पश्चिमका विकट स्थानमा छायांकन भएको फिल्मको वितरण त्रिनेत्रम् डिस्ट्रिब्युसन र एफडी कम्पनीले गर्दैछ ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
लगनखेल, ललितपुर

**पशुपन्छी तथा मत्स्य विकासका लागि यन्त्र, उपकरण, औजार र एट्याचमेन्ट सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**(मिति २०७९/१०/२९ गते प्रथम पटक प्रकाशित)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा प्रविधि एवं सहयोग कार्यक्रममा भागलिन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयभित्र आइपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगनखेल ललितपुरमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**
१. रु. १०/- को टिकट टाँस गरेको अनुसूची २ बमोजिमको निवेदन,
२. अनुसूची ३ बमोजिमको प्रतिवद्धता पत्र
३. मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि
४. दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र
६. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
७. संस्थाको हकमा निर्णय प्रतिलिपि
८. आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

**पुनश्चः कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको वेवसाइट vhleclalitpur.p3.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।**

सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय
**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र**
धनगढी, कैलाली, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**(सूचना प्रकाशन मितिः २०७९/१०/२९)**

यस कार्यालयको मिति २०७९/०९/१४ गतेको बोलपत्र आव्हानको सूचना बमोजिम E–Bidding मार्फत समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९, ६०, ६२, र ६३ बमोजिम मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम (५) बमोजिम मिति २०७९/११/०७ गते बिहानको ठिक ११:०० बजे यस कार्यालयमा उक्त आर्थिक प्रस्ताब खोलिने व्यहोरा जानकारी गराईन्छ ।

| ठेक्का नं. | सफल बोलपत्रदाता |
|---|---|
| PHLMCSP/G/NCB-05/2079-080 The Procurement, Supply and Delivery Equipment's for Birthing Center | Max Meditech System Pvt Ltd, Baneshwor, Kathmandu |

**नि निर्देशक**

# खेलकुद विश्वविद्यालय कार्यदलले बुझायो राखेपलाई आशय पत्र



**काठमाडौं/मस-** खेलकुद विश्वविद्यालय कार्यदलले राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई आशय पत्र हस्तान्तरण गरेको छ। विश्वविद्यालयकी सह-संयोजक गीता क्षेत्री राणाले राखेप सदस्य-सचिव टंकलाल घिसिङलाई प्रस्तावित आशय पत्र हस्तान्तरण गरिन्।

आशय पत्रमा समस्याका पहिचान, लक्ष्य, खेलकुद विश्वविद्यालयको उद्देश्य, औचित्य, खेलकुद विश्वविद्यालय स्थापना गर्न थप आवश्यक आधार, खेलकुद विश्वविद्यालयको आधारभूत चरित्र, सम्भावित चुनौती, अवसर र उपाय, शैक्षिक कार्यक्रम र पाठ्यक्रम, उपादेयता तथा नीतिगत व्यवसथापनका विषयमा उल्लेख गरिएको छ।

नेपालमा खेलकुद विश्वविद्यालय स्थापना गर्न आवश्यकता महशुस गरी राखेपले नेपाल ओलम्पिक कमिटीका पूर्व अध्यक्ष ध्रुवबहादुर प्रधानको संयोजकत्वमा १३ सदस्यीय खेलकुद विश्वविद्यालय कार्यदल गठन गरेको थियो।

# फिफा वर्ष खेलाडीका लागि मेस्सीसहित तीन खेलाडी मनोनयनमा




**काठमाडौं/मस-** लियोनल मेस्सी, केलियन एमबाप्पे, करिम बेन्जेमा द वेष्ट फिफा पुरुष खेलाडी अवार्डको अन्तिम मनोनयनमा परेका छन्। फिफा सदस्य राष्ट्रका प्रशिक्षक, कप्तान, पत्रकार र समर्थकले १४ खेलाडीलाई दिएको मतका आधारमा अन्तिममा तीन जनाको नाम तय भएको हो।

सन् २०२१ अगष्ट ८ देखि २०२२ डिसेम्बर १८ को प्रदर्शनका आधारमा उनीहरूलाई छनोट गरिएको हो। सन २०१८ बाट शुरु भएको यो अवार्डका लागि मेस्सी अन्तिम तीनमा पर्न एक पटक मात्र असफल भएका खेलाडी हुन। यी तीन मध्ये सन् २०१९ मा अर्जेन्टिनाका कप्तान मेस्सीले द वेष्ट फिफा अवार्ड जितिसकेका छन्। मेस्सी मनोनयनमा नपरेको २०१८ को संस्करणमा लुका मोड्रिचले जितेका थिए भने पछिल्लो दुई सिजन रोबेर्टो लेवान्डोस्कीले द बेष्ट फिफा अवार्ड जितेका छन्। तर यस वर्षको उत्कृष्ट खेलाडी मनोनयनमा रोनाल्डो भने मनोनयनमा परेनन्। यसअघि उनी प्रायः पर्दै आएका थिए।

# प्रिन्स र जेशिका च्याम्पियन

**काठमाडौं/मस-** इटहरीमा भएको प्रथम मुख्यमन्त्री राष्ट्रिय र्‍यांकिङ खुला ब्याडमिन्टन प्रतियोगिता २०७९ को उपाधि पुरुष एकलतर्फ नेपाल पुलिसका प्रिन्स दाहाल र महिला एकलतर्फ एपिएफकी जेशिका गुरुङले जितेका छन्।

प्रिन्सले त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जनलाई २३-२१, २१-१५ ले पराजित गर्दै उपाधि उचालेका हुन्। विजय बापत दाहालले नगद ५० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। उपविजेता प्रफुलले नगद २५ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। तेश्रो स्थानमा पुलिसका बिष्णु कटुवाल र आर्मीका रुकेश महर्जन रहे। बिष्णु र रुकेश प्रत्येकले नगद १०-१० हजार हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

यसैगरि जेशिकाले आर्मीकी अमिता गिरीलाई २१-८, २१-१५ ले पराजित गर्दै उपाधिका साथ नगद ५० हजार सहित हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरिन्। अमिताले दोश्रो भए बापत नगद २५ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरिन्। तेश्रो स्थान रहेका सेनाकी रशिला महर्जन र कस्तुरी कलेजकी सिमा राजबंशीले नगद १०/१० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

सुनसरी जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको पुरुष युगल तर्फ पुलिसका बिष्णु कटुवाल र प्रिन्स दाहालको जोडीले जित हात पार्दै उपाधिसहित नगद ३० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। कटुवाल र दाहालको जोडीले आर्मीका प्रफुल महर्जन र रुकेश महर्जनको जोडीलाई १९-२१, २१-१३, २१-१४ ले पराजित गर्दै उपाधि उचालेका हुन्। दोश्रो स्थानमा रहेको महर्जन जोडीले नगद १५ हजार र तेश्रो स्थानमा रहेका दीपक बोहरा र सुनिल जोशी तथा पुलिसका जीवन आचार्य र एपिएफका बिजीत थापा मगरको जोडी संयुक्त तेश्रो हुँदै ७ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

यस्तै महिलातर्फ सेनाका अमिता गिरी र रशिला महर्जनको जोडीले एपिएफका जेशिका गुरुङ र सुनयना मुखियाको जोडीलाई २१-१०, २१-९ ले पराजित गरे। विजयी जोडीले नगद ३० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। उपविजेताले नगद १५ हजार हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे। तृतीय स्थान प्राप्त गरेका झापाकी अन्जना राई र धनकुटाकी अरुणा तामाङ्ग तथा एपिएफकी शोभा गौचन र पुलिसकी निता लम्सालको जोडी प्रत्येकले ७ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

मिक्स युगल तर्फको खेलमा आर्मीका प्रफुल महर्जन र रशिला महर्जनको जोडीले आफ्नै क्लबका पविन लिनथेप र अनुमाया राईको जोडीलाई २१-१०, २१-८ ले पराजित गर्दै उपाधिका साथ नगद ३० हजार प्राप्त गरे। उपविजयी लिनथेप र राईको जोडीले नगद १५ हजार प्राप्त गरे। यस्तै तेश्रो स्थानमा रहेका एपिएफका क्षितीज खनाल र जेशिका गुरुङ तथा पुलिसका जीवन आचार्य र निता लम्सालको जोडी प्रत्येकले नगद ७ हजार ५ सय प्राप्त गरे।

भेट्रान ४५ बर्ष माथिको स्पर्धामा सागर फिडका भजनलाल चौधरी र श्याम लामाको जोडीले विजय प्राप्त गर्‍यो। चौधरी र लामाको जोडीले स्पोर्टस् हवका सन बहादुर साम्बा र लाक्पा शेर्पाको जोडीलाई १५-२१, २१-१८, २१-१८ ले पराजित गदै विजय प्राप्त गरेका हुन्। तेश्रो स्थानमा तेन्हथुमका गोपाल खपाङ्गी र मदन लिम्बुको तथा दीपक आङ्गदम्बे र बिकास श्रेष्ठको जोडी रहे। विजयी जोडीले नगद २० हजार, उपविजयीले नगद १० हजार र तेश्रो हुने जोडी प्रत्येकले नगद ५/५ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

भेट्रान ५५ बर्ष माथिको खेलमा सुनसरीका गणेश राई र भोजपुरका दान बहादुर तामाङ्गको जोडीलाई पराजित गर्दै गुहाटीका बास्तव नियोग र धादिङ्गका बिष्णु लाल श्रेष्ठको जोडीले बाजी मारे। नियोग र श्रेष्ठको जोडीले राई र तामाङ्गको जोडीलाई २१-१०, २१-१९ ले पराजित गरेका हुन्। मोरङ्गका कुमार घले र सुनरीका भोज राज रखालको जोडी तथा कास्कीका रमेश भट्टचनक र ललितपुरका दिल बहादुर कदङ्गवाको जोडी संयुक्त तेश्रो भए। विजयी जोडीले नगद २० हजार, उपविजयी जोडीले नगद १० हजार र तेश्रो हुने जोडीले नगद ५ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

छात्र यु ११ तर्फको खेलमा एपिएफका आरुष सिमखडाले भोजपुरका तयाबुङ्ग राईलाई २१-१०, २१-१३ ले पराजित गर्दै विजयी भए। तेश्रो स्थानमा आर्मीका दीप थिङ्ग र सप्तरीका संगम राउत रहे। छात्रा तर्फ कास्कीकी निभा राई विजयी भइन्। भोजपुरकी रितु तामाङ्ग खुट्टामा चोट बोकी रिटायर्ड हर्ट भएपश्चात निभाले खेल जिजेकी थिइन्। पहिलो सेट ४-२१ ले गुमाएकी रितु दोश्रो सेटमा ५-११ को स्थितीमा खुट्टामा चोट बोक्न पुगि रिटायर्ड भएकी थिइन्। तेश्रो स्थानमा बेलटार ब्याडमिन्टन एकेडेमीकी ईशिता खत्री र सुनसरीकी रिश्ता रावल रहे। विजयीले नगद १३ हजार, उपविजयीले नगद ७ हजार र तृतीयले नगद ३ हजार ५ सयका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

यु १३ छात्र तर्फ आर्मीका रिजन मगरले एपिएफका आरुष सिमखडालाई २१-१७, २१-१२ ले पराजित गर्दै उपाधि उचाले। तेश्रो स्थानमा काठमाण्डौ ब्याडमिन्टन एकेडेमीका प्रवल श्रेष्ठ र तनहुका सफल भुजेल रहे। छात्रातर्फ सेनाकी रिहाना शेरचन विजयी भइन्। उनले पहिलो सेट आर्मीकी टिसारानी शाक्यलाई २१-१४ ले जितेकोमा दोश्रो सेट ११-३ को अवस्थमा टिशा रिटायर्ड हर्ट भए पश्चात सोतः खेल जितेकी थिइन्। तेश्रो स्थानमा आर्मीकी समृद्धि श्रेष्ठ र कास्कीकी निभा राई रहे। विजयीले नगद १५ हजार, उपविजयीले नगद ८ हजार र तेश्रोले नगद ४ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

यु १५ छात्र तर्फ सेनाका कविर के.सी.ले एपिएफका अरुण अधिकारीलाई २१-१२, २१-१४ ले पराजित गर्दै उपाधि उचाले। तेश्रो स्थानमा सुनसरीका संगम गिरी र कैलालीका शिषिर राना रहे। छात्रा तर्फ सेनाकी टिसारानी शाक्य घाईते भएर खेल छोडे पश्चात सेनाकी रिहाना शेरचनले स्वतः प्रतियोगिता जितिन्। तेश्रो स्थानमा बेलटार ब्याडमिन्टन एकेडेमीकी बिकिता आचार्य र कास्कीकी निभा राई रहे। विजयीले नगद १७ हजार, उपविजयीले नगद ९ हजार र तेश्रोले नगद ४ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।


## बकैया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हात्तीसुडे, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## ढुङ्गा, गीटी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रि गर्ने सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१०/२९**

बकैया गाउँपालिकाको स्वीकृत परिमाण बमोजिमको नदिजन्य पदार्थ ढुङगा, गीटी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्री सम्बन्धि कार्य गर्न आ.व.२०७९/०८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वः घोषणा पत्र सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

प्याकेज १. उत्खनन् संकलन परिमाण स्थल (हिरामुनिको कज्वे भन्दा माथिको क्षेत्रबाट ५६,३००.०० घ.मि., चम्पा खहरे खोला क्षेत्रबाट ८,०००.०० घ.मि. र सिमात खोला क्षेत्रबाट १५, ७००.०० घ.मि.)

| सि.नं. | ठे.नं. | अधिकतम परिमाण | न्युनतम ठेक्का अंक (मु.अ.क. सहित) | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/ 01/079-080 | ८०,०००। घ.मि. | २,८७,२०,०८०।०० | भ्याट सहित कबोल रकमको ५% | ३००० | २०७९।११।१५ | २०७९।११।१५ | २०७९।११।१५ |

प्याकेज २. उत्खनन् संकलन परिमाण स्थल (सुकौरा खोला क्षेत्रबाट ५३,०००.०० घ.मि. र बकैया खोला क्षेत्रबाट २७,०००.०० घ.मि.)

| सि.नं. | ठे.नं. | अधिकतम परिमाण | न्युनतम ठेक्का अंक (मु.अ.क. सहित) | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/ 02/079-080 | ८०,०००। घ.मि. | २,८७,२०,०८०।०० | भ्याट सहित कबोल रकमको ५% | ३००० | २०७९।११।१५ | २०७९।११।१५ | २०७९।११।१५ |

**नोटः** सो ठेक्का सम्बन्धि सम्पूर्ण जानकारी यस बकैया गाउपालिकाको वेबसाइट www.bakaiyamun.gov.np वा www.bolpatra.gov.np/egp बाट लिन सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Khandbari Municipality
## Office of the Municipal Executive

**Khandbari, Sankhuwasabhe**
**Province No.1**

## Invitation for Bids

**Date of Publication: 2079-10-29(2023-Feb-12)**
**Contract ID.: KMO/NCB/WORKS/06/079/080**
**Invitation for Bids for the Construction of Arun Nadi-Guthitar Lift System Water Supply Project**

1. Khandbari Municipality, Sankhuwasabha invites electronic bids from Nepalese eligible bidders for the Construction of Arun Nadi-Guthitar Lift System Water Supply Project, Khandbari-9 under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khandbari Municipality Office or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***
3. Bidder may download the bidding documents for e-submission from PPMO's Website ***www.bolpatra.gov.np./egp***,.Bidders, submitting their bid electronically, should deposit the cost of Rs. 5000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastriya Banijjya Bank, Branch Office, Sankhuwasabha** |
| **Name of Office** | : | **Khandbari Municipality Office** |
| **Office Code Number** | : | **365-05-11** |
| **Office Account Number** | : | **2080100301010002 (Internal Rajaswa Account)** |
| **Dharauti Khata Number** | : | **2080100303000002** |

4. Electronic bids must be submitted through PPMO website ***www.bolpatra.gov.np/egp*** on or before 12:00 hrs on 2023-03-14. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2023-03-14 at the office of Khandbari Municipality, Sankhuwasabha. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 8,50,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employers reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# १६औं औद्योगिक प्रदर्शनीको तयारी पूरा






**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २८ माघ ।

आगामी मंगलबारदेखि राजधानीमा आयोजना हुने नेपाल १६औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यस पटक फागुन २ देखि ६ गतेसम्म राजधानीको प्रदर्शनीमार्ग स्थित भृकुटीमण्डपमा आयोजना हुन लागेको हो ।

कोरोना महामारीको कारण विगत तीन वर्षदेखि स्थगित भएको औद्योगिक प्रदर्शनी यस पटक 'नेपाल १६ औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव र छैठौं प्राङगारिक कृषि मेला-२०७९' नामबाट आयोजना हुन लागेको हो । मुलुकभरका झण्डै छ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरु र कृषि व्यवसायमा संलग्न उद्यमीहरुलाई प्रतिविम्वित गर्ने यस प्रदर्शनीको मुख्य नारा 'नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं' र 'मिहिनेत, श्रृजना, उत्पादन र वस्तु मैरै नेपालको' भन्ने रहेको छ ।

'स्वदेशी वस्तुहरु उत्पादन गर्नुपर्छ, हामीले हाम्रो उत्पादनलाई उपभोग गर्नुपर्छ, आयात प्रतिस्थापनको लागि पनि यसको आवश्यकता छ', संयोजक गुरुङले भनिन्, 'कतिपय हामी उद्यमीहरुले उत्पादन गरेको वस्तु पनि निर्यात भइरहेको अवस्था छ, त्यसैले नेपाली उद्योगहरुलाई प्रोत्साहन गर्नको लागि पनि यो मेलाको महत्व छ ।'

लघु उद्यम क्षेत्रमा रहेका सम्भावना र समस्याहरुलाई सम्बोधन गर्ने उद्देश्यले वा एक अर्काबाट सिक्न तथा ज्ञान र सीप आदानप्रदान गर्ने उद्देश्यका साथ लघु, घरेलु तथा साना उद्योगको छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासंघले लामो सययदेखि नियमित रुपमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरमा औद्योगिक प्रदर्शनीहरु आयोजना गर्दै मेला आयोजनाकी संयोजक शोभा गुरुङले मध्यान्हलाई बताइन् । साथै विगत केही बर्षदेखि राष्ट्रिय औद्योगिक प्रदर्शनीलाई अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेलाको रुपमा आयोजना गरिएको संयोजक गुरुङको भनाइ छ ।

अर्ग्यानिक उत्पादनलाई निर्यातमुखी बनाउन र अन्तर्राष्ट्रिय व्यवसायीहरुलाई समेत आकर्षित गर्न अर्ग्यानिक उत्पादनलाई नेपाल सरकारले प्रोत्साहन गरिरहेको छ । अर्ग्यानिक उत्पादनहरु उपभोग गर्न उपभोक्ताहरु समेत जागरुक रहेको परिप्रेक्ष्यमा अर्ग्यानिक उत्पादनहरुका बारेमा आमनागरिकलाई सचेतना गराउने र सहज रुपमा अर्ग्यानिक उत्पादनहरु उपलव्ध गराउन यस्ता मेलाले महत्वपूर्ण भूमिका खेल्ने आयोजकले बताएको छ । अर्ग्यानिक उत्पादनको बिक्री वितरणलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ अर्ग्यानिक एसोसियसनसँगको सहकार्यमा कृषिका अर्ग्यानिक उत्पादनहरुको छुट्टै प्याभिलियनमार्फत प्रदर्शनी गरिने व्यवस्था मेला आयोजकले मिलाएको छ ।

'मेलामा एउटा विशेष आकर्षणको रुपमा अर्ग्यानिक उत्पादनको प्रदर्शनी हुनेछ । त्यसको लागि हामीले भिन्नै प्याभिलियनको व्यवस्था गरेका छौं', संयोजक गुरुङले भनिन् ।

मेलामार्फत अर्ग्यानिक उत्पादनहरुको बारेमा आमनागरिकमा जानकारी दिँदै त्यस्ता उत्पादनको प्रवर्द्धन गरी अर्ग्यानिक अभियानलाई टेवा पुऱ्याउन उत्पादक र उपभोक्ताको साझा मञ्चको विकास गरी बजार प्रवर्द्धन गर्ने काम हुनेछ । साथै मेलामार्फत सुपथ मूल्यमा उपभोक्ताहरुलाई अर्ग्यानिक उत्पादनहरु उपलव्ध गराउने र अर्ग्यानिक विषयहरुमा सरोकारवालाहरुसँग अन्तरक्रिया गरिने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

प्रदर्शनीमा नेपालका सवै प्रदेश र जिल्लाका उद्यमीहरू, उपयुक्त प्रविधि प्रयोगकर्ताहरू र भारत, पाकिस्तान, बंगलादेश लगायत सार्क मुलुक तथा चीनका उद्यमीहरुको सहभागिता रहनेछ । प्रदर्शनीमा २०० वटा जति स्टल रहने संयोजक गुरुङले बताइन् । उनका अनुसार शनिबार सम्ममा १० वटा वैदेशिक उद्यमीहरुको स्टल रहने निश्चित भइसकेको छ ।

मेलामा स्टल राख्नेहरुलाई स्टलको ठाउँ र साइज अनुसारको शुल्क लाग्नेछ । मेलामा सहभागी हुने आन्तरिक उत्पादन तर्फका उद्यमी, महिला उद्यमी र दुर्गमबाट आउने उद्यमीलाई स्टलमा विशेष छुटको व्यवस्था गरिएको संयोजक गुरुङले बताइनु । उद्यमीहरुले स्थानीय तहहरुसँग समन्वय गरेर आउँदा कतिपयको शुल्क उनीहरुले पनि व्यहोर्न सक्ने उनले बताइन् ।

५ दिनसम्म सञ्चालन हुने मेलामा आयोजकले अवलोकनकर्ताहरुलाई टिकटको व्यवस्था गरेको छ । आगन्तुकहरुलाई अति न्यून शुल्कमा अवलोकन गर्ने टिकट प्रदान गरिने संयोजक गुरुङको भनाइ छ । 'हामीले मेला अवलोकन गर्न आउनेलाई जम्मा २० रुपैयाँ लिएर टिकट दिने व्यवस्था मिलाएका छौं, मेलासँग सम्बन्धित कतिपय कार्यालयका व्यक्तिहरुलाई भने निःशुल्क प्रवेशको व्यवस्था हुन्छ', उनले भनिन् ।

२ लाखभन्दा बढी अवलोकनकर्ताहरूले अवलोकन गर्ने र ७ करोड भन्दा बढीको आर्थिक कारोबार हुने प्रक्षेपण आयोजकले गरेको छ । नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा हुने यस मेलाको सह-आयोजकको रुपमा अर्ग्यानिक एसोसियसन अफ नेपाल, नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय-व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बागमती प्रदेश सरकार, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, नेपाल पर्यटन बोर्ड आदि रहने छन् । त्यसैगरी अन्य सरकारी निकाय तथा गैह-सरकारी संघसंस्थाहरु यसका प्रवर्द्धक र सहयोगीको रुपमा रहेका छन् ।

# सेगवे-नाइनबटको एन-१०० नेपाली बजारमा सार्वजनिक




**काठमाडौं/मस** - सेगवे नाइनबटको नेपालका लागि आधिकारिक विक्रेता आइहब प्रा.लि लेएन-सिरीज अन्तर्गतको नयाँ ई-स्कुटर सार्वजनिक गरेको छ । बढी पावरको साथ अझ प्रभावशाली, नाइनबट एन-१०० एन सिरीज अन्तर्गत नेपाली बजारमा सार्वजनिक पहिलो ई-स्कुटर भएको कम्पनीले जनाएको छ ।

एन-१०० सहरी क्षेत्रको यात्रामा शैली, आराम र दक्षता ल्याउन डिजाइन गरिएको आधुनिक गतिशीलताको लागि नयाँ समाधान भएको कम्पनीको दाबी छ । जसले सवारी चालकहरुलाई नयाँ र उच्चस्तरको सुविधा प्रदान गर्दछ । सेगवे ले ग्राहकहरुको उपस्तिथतिमै भर्खरै बजारमा ल्याउँदै गरिएको एन-१०० लगायत अन्य उत्पादनहरू अनुभव गर्नको लागि रमाइलो कार्निभल आयोजना गर्ने जनाएको छ ।

कार्यक्रम यही माघ २७ देखि फाल्गुन ५ गतेसम्म ललितपुरको झम्सिखेलमा हुनेछ । सहभागीहरूले सेगवेका नयाँ उत्पादनहरूको टेस्ट राइड गर्ने र सेगवेका अन्य नवीन उत्पादनहरूसँग रेसिंग सेगवेमार्फत अनुहारमा मुस्कान ल्याउने विशेष अवसर हुने कम्पनीले अपेक्षा गरेको छ ।


## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.पु.)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०७९/०९/२९**

यस कार्यालयबाट मिति २०७९/०९/२१ गते राष्ट्रिय दैनिकमा पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका औषधीजन्य सामग्री खरिद गर्न रितपुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि. नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | 05/MBMG/Goods/2079/80, Procurement of Medicine | Samundra Medico Pharma, Ward no.-10, Rupandehi, Butwal | 1160643.59 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## Tatopani Rural Municipality
### Office of Executive Rural Municipal
Litakot-03, Jumla

**Invitation for Bids No.: TRM/Jumla/NCB/W/2079/80-04**

**Date of publication: 12-02-2023**

1. Tatopani Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Gautam Bada Jaitpur yak ghar yak dhara khanya pani ayojana under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (In NRs) 6198238.06 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Tatopani Rural Municipality, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra. gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Global IME Bank Ltd.

   Name of Office: Tatopani Rural Municipality

   Office Code no: 8010662046

   Office Account no: 26304010000010

   Rajaswa (revenue) Shirshak no.: Ga.1.1 Aantraik Rajaswo Khata Tatopani Jumla
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 13-03-2023 12: 00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13-03-2023 13:00 at the office of Tatopani Rural Municipality Jumla Karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 175000.0, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of bidding document in Bank:

   Bank Name: Global IME Bank Ltd.

   Account Name: Ga.3.1 Dharauti Khata Tatopani Jumla

   Account Number: 26304010000004
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission



## Tatopani Rural Municipality
### Office of Executive Rural Municipal
Litakot-03, Jumla

**Invitation for Sealed Quotations**

**Date of Second Publication: 12-02-2023**

1. The Tatopani Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply of Fabricated Steel parts.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jumla, 9758901332, ito.tatopanimun@gmail.com. OR may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank: Global IME Bank Ltd.
   ii. Name of Office: Tatopani Rural Municipality
   iii. Office Code no :8010662046
   iv. Office Account No :26304010000010
   v. Rajaswa (revenue) Shirshak No: Ga.1.1 Aantraik Rajaswo Khata Tatopani Jumla
4. Sealed bids must be submitted to the office Tatopani Rural Municipality Jumla through e-GP system i.e www. bopatra.gov.np/egp on or before 27-02-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-02-2023 13:00 at the office of Tatopani Rural Municipality Jumla Karnali Province Nepal.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [26304010000004] at [Global IME Bank Ltd., Tatopani Rural Municipality, Litakot-03] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. No. | Description of Works | Contract ID | Estimated Amount (WO VAT) | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | Supply of Fabricated Steel parts, Hanku truss bridge | TRM/Jumla/SQ/ G/2079/80-01 | NRs. 1524247.40 | NRs. 1000 | NRs. 38000 |
| 2 | Supply of Fabricated Steel parts, Buntadi Trail Bridge | TRM/Jumla/SQ/ G/2079/80-02 | NRs. 1577880.30 | NRs. 1000 | NRs. 44000 |


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**